# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १२८ | काठमाडौं | शुक्रबार, १३ भदौ २०८२ | Prabhab National Daily | Friday, 29 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# निजामती विधेयकमा राष्ट्रिय सभालाई दबाव

## राष्ट्रिय सभाका विधायन व्यवस्थापन समितिमा छलफलमा रहेको यो विधेयक भदौ १७ गते राति १२ बजेसम्ममा प्रतिनिधि सभामा फिर्ता पठाइसक्नुपर्छ



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० यही भदौ १९ पारित गर्ने कार्यतालिका तय गरेको छ।

सभामुख देवराज घिमिरेले विभिन्न राजनीतिक दलका प्रमुख सचेतकसँग बिहीबार सिंहदरबारमा छलफल गरेसँगै निजामती विधेयक राष्ट्रियसभाबाट आएका खण्डमा यही भदौ १९ गते प्रतिनिधिसभाबाट पारित गर्ने सम्भावित कार्यसूची तय गरिएको हो। यो सँगै राष्ट्रिय सभालाई अबको ४ दिनमा यो विधेयक पारित गर्न दबाव परेको छ।

राष्ट्रिय सभाका विधायन व्यवस्थापन समितिमा छलफलमा रहेको यो विधेयक भदौ १७ गते राति १२ बजेसम्ममा प्रतिनिधि सभामा फिर्ता पठाइसक्नुपर्छ। तिजका कारण देखाउँदै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री भगवती न्यौपाने गृहजिल्ला तनहुँ पुगेपछि यो विधेयक छलफल प्रभावित बनेको थियो। प्रतिनिधि सभा नियमावलीको नियम १३२ मा टेबल भएको दुई महिनाभित्र माथिल्लो सभाले तल्लो सभालाई विधेयक फिर्ता गरिसक्नुपर्ने प्रावधान रहेको छ।

### यस्तो छ प्रतिनिधि सभाको सम्भावित क्यालेन्डर

प्रतिनिधिसभाले संघीय निजामती विधेयक, २०८० भदौ १९ पारित गर्ने कार्यतालिका तय गरेसँगै अरु विधेयक पारित गर्ने कार्यसूची पनि सार्वजनिक भएको छ। संसद्को आगामी १५ दिनको क्यालेन्डर तय गर्दै सभामुख घिमिरेले भदौ २६ गते विद्यालय शिक्षा विधेयकलाई पारित गर्ने सम्भावित क्यालेन्डर पनि तय गरेका छन्। शुक्रबार बस्ने संसद् बैठकले भूमिसम्बन्धी विधेयक पारित गरेर राष्ट्रियसभामा पठाउनेछ भने भदौ १८ गते बस्ने बैठकले नागरिकतासम्बन्धी विधेयक पारित गर्ने कार्यतालिका छ।

राष्ट्रपति कार्यालयबाट फिर्ता भएको संवैधानिक परिषद्सम्बन्धी विधेयकमाथि छलफल गरी पारित गर्ने सम्भावित कार्यसूची पनि तय भएको सभामुखका सञ्चार विज्ञ शेखर अधिकारीले बताए। भदौको दोस्रो पाक्षिक कार्यतालिका अनुसार भदौ १८, १९, २५, २६ र २७ गते प्रतिनिधिसभाको बैठक बस्नेछ।

राष्ट्रिय सभाले पारित वा संशोधन नगरेको विधेयक प्रतिनिधि सभामा पुगेपछि त्यहाँको बहुमतले पारित गरेर सभामुखले राष्ट्रपति समक्ष प्रमाणीकरणका लागि पठाउनुपर्ने व्यवस्था छ। यो विधेयक राष्ट्रिय सभामा गत असार १८ गते टेबल भएको थियो। विधायन समितिमा छलफलका लागि साउन ६ गते आएको विधेयक भदौ २ बाटमात्र छलफल शुरु भयो। भदौ २ बाट शुक्रबारसम्म चार दिन लगातार छलफल चल्दा विभागीय मन्त्री न्यौपाने रुष्ट सुनिएकी छिन्। तीजका कारण अवरुद्ध छलफल बिहीबारबाट शुरु भएको छ।

बिहीबार समितिको बैठकमा राजपत्राकिंत विशिष्ट श्रेणीका कर्मचारीको पदावधि प्रतिनिधिसभाबाट पारित भएको व्यवस्थाअनुसार कायम गर्ने सहमति जुटेको छ।


क्रमशः पृष्ठ २ मा


# ओलीको बोलीमा राप्रपाको आपत्ति

लिङ्देनले ०८४ को चुनाव कसरी चुनाव जित्दारहेछन्, अब हेरौंला

■ **केपी शर्मा ओली**
प्रधानमन्त्री

प्रधानमन्त्रीको तहबाट जुन अभिव्यक्ति आयो, त्यो आपत्तिजनक छ र असहिष्णु छ

**मोहन श्रेष्ठ**
प्रवक्ता, राप्रपा





२०७४ मा ओलीको दल एमाले र माओवादी मिलेर बनेको वाम गठबन्धनको समर्थन लिङ्देनलाई थियो। त्यसबेला उनी राप्रपाको एक्ला सांसद भए। २०७९ मा पनि उनलाई एमालेको समर्थन रह्यो

■ जेवी योञ्जन

**काठमाडौं–** भारतको जयपुरमा तीजमा नृत्य गरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन बुधबार साँझ काठमाडौं आइपुग्दा प्रधानमन्त्री केपी शर्मा ओली बालुवाटारमा नेता कार्यकर्तालाई प्रशिक्षण दिँदै थिए। त्यहाँ ओलीको निशानामा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलमात्रै परेनन्, लिङ्देन पनि परे। लिङ्देनलाई ओलीले चुनौती दिँदै भने- '०८४ को चुनाव कसरी चुनाव जित्दारहेछन्, अब हेरौंला।'

ओली र लिङ्देन दुवैको गृहजिल्ला झापा हो। ओली झापा-५ र लिङ्देन-३ नम्बर क्षेत्रबाट चुनाव लड्छन्। लिङ्देनले २०७४ र २०७९ को चुनाव जिते। त्यसअघि २०४८ र २०७० मा चुनाव हारे। ओलीले २०६४ को संविधानसभा चुनावमा माओवादीका विश्वद्विप लिङ्देनसँग चुनाव हारे। बाँकी २०४८ पछि जतिपटक चुनाव लडे, सबै जिते। यसबीचमा चुनाव क्षेत्र अदलबदल भए। उनै ओलीले लिङ्देनलाई चुनाव जितेको हेरौंला भनेर बुधबार त चुनौती पेस गरे।

साँच्चिकै, के लिङ्देनले फेरि चुनाव जित्न सक्दैनन्? चुनाव जित्नेगरिको जनमत उनीसँग छैन? आमचुनाव आउन दुई वर्ष बढी छँदै बहस सिर्जना भएको छ। यसबारे चुनावी जनमतको विश्लेषण गर्नुअघि झापा-३ को विगतको चुनाव र जितबारे चर्चा गरौं।

झापा-३ बाट लिङ्देनअघि चुनाव जित्ने हाल राष्ट्रियसभा सदस्य रहेका कांग्रेस नेता कृष्णप्रसाद सिटौला थिए। माओवादीलाई शान्ति प्रक्रियामा ल्याउनेमध्येका एक जना सूत्रधार सिटौला गणतन्त्रको प्रारम्भिककालमा चर्चित नेता थिए। उनलाई अहिले पनि कांग्रेसको भावी नेतृत्वको रूपमा हेर्ने गरिन्छ।

उनै सिटौलासँग ओलीको राजनीतिक सम्बन्ध जहिल्यै तिक्ततापूर्ण रह्यो। जन्मथलो भने दुवैको पहाडी जिल्ला तेह्रथुमको आठराई हो। पछि झापा बसाइँ सरेर झरेका हुन्। उनीहरूले दुई फरक धारको राजनीति गरे। पछिल्ला चुनावहरूमा ओली र सिटौलाको लडाइँ भयो। राप्रपाका लिङ्देनलाई चुनावमा सघाएर ओलीले सिटौलालाई संसद् प्रवेशमा दुईपटक रोके।

तर, झापा-३ मा विगतको चुनावी परिणामलाई आधार मान्दा तुलनात्मक रूपमा कांग्रेस बलियो शक्ति हो। एमाले दोस्रो र राप्रपा तेस्रो हैसियतमा छन्। एक्लै चुनाव जित्ने क्षमतामा एमाले छैन। त्यसो हुँदा ओलीले २०७४ र २०७९ को चुनावमा लिङ्देनलाई चुनावी समर्थन गरे। २०७४ मा ओलीको दल एमाले र माओवादी मिलेर बनेको वाम गठबन्धनको समर्थन लिङ्देनलाई थियो। त्यसबेला उनी राप्रपाको एक्ला सांसद भए। २०७९ मा पनि उनलाई एमालेको समर्थन रह्यो। कांग्रेस, माओवादी, नेकपा एसलगायत दलको गठबन्धन थियो। त्यसबेला झापा-३, रूपन्देही-३ लगायत देशका विभिन्न चुनाव क्षेत्रमा एमाले-राप्रपा चुनावी गठबन्धन थियो। कमल थापाको दल राप्रपा नेपाल पनि गठबन्धनमै थियो।

यसरी एमालेसँगको चुनावी गठबन्धनको जगमा लिङ्देनको दोस्रोपटक संसद् प्रवेश सम्भव भयो। तर, ओलीका पछिल्ला अभिव्यक्तिले अब लिङ्देनलाई संसद् पुऱ्याउन एमालेले टेको नदिने संकेत गरेको छ। यसअघि नै उनले लिङ्देनको चुनाव क्षेत्रमा पर्ने बाह्रदशी गाउँपालिकामा पार्टी सचिव छविलाल विश्वकर्मालाई पठाए। त्यहाँ सचिव विश्वकर्माले पार्टीपंक्तिलाई निर्देशन दिए- एक्लै चुनाव लड्नेगरी तयारी थाल्नू।' विगतमा कांग्रेसका सिटौलालाई छेकेका ओली यतिबेला भने कांग्रेससँगकै गठबन्धन सरकारको नेतृत्व गरिरहेका छन्। उनको दाबी सत्य साबित भए आगामी चुनावसम्मै अहिलेको गठबन्धन जान्छ।

झापा नै घर भएका राजनीतिशास्त्री प्रा.डा. लोकराज बराल त्यस्तोबेला ओलीका लागि झापा-३ मा दुई विकल्प रहन्छन्। पहिलो- गठबन्धनअनुसार सिटौलालाई समर्थन गर्ने। दोस्रो, एक्लाएक्लै चुनाव लड्ने। विगतमा एक्लाएक्लै चुनाव लड्दा सिटौलाले चुनाव जित्थे। दुईमध्ये एक विकल्प प्रयोग भए लिङ्देनको जितमा ब्रेक लाग्न सक्ने बराल बताउँछन्। तर, ओलीको यस्तो चुनौतीपूर्ण अभिव्यक्तिलाई लिएर राप्रपा रुष्ट छ। प्रवक्ता मोहन श्रेष्ठ ओलीको अभिव्यक्ति 'असहिष्णु' भएको बताउँछन्।

'प्रधानमन्त्रीको तहबाट जुन अभिव्यक्ति आयो, त्यो आपत्तिजनक छ र असहिष्णु छ,' श्रेष्ठले भने। उनले राप्रपाले सहयोग गरेको ओलीले बिर्सिन नहुने बताए।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भ: वैदेशिक रोजगार**

# युरोपबाट आउने मागपत्र प्रमाणीकरणमा ढिलासुस्ती

## कहिलेबाट शुरु हुन्छ यकिन छैन: परराष्ट्र




दूतावासमा हाम्रो के भूमिका हुन्छ र ? अध्ययन कार्यदल बनेको छ। त्यसले काम गरिरहेको छ। तर त्यसको संयोजन परराष्ट्र मन्त्रालयको सहसचिवले गरिरहनुभएको छ। काम किन नगर्नुभएको भनेर परराष्ट्रलाई नै सोध्नुहोस्

■ **डन्डुराज घिमिरे**
प्रवक्ता, श्रम मन्त्रालय



ब्याकग्राउन्ड वर्क भइरहेको छ। तयारी कहिले सकिन्छ भनेर स्पष्ट भन्न नसकिए पनि समस्याको रूपमा देखिइरहेको यो विषयलाई समाधान गर्नेतिर हामी लागिरहेका छौं

■ **लोकबहादुर पौडेल**
प्रवक्ता, परराष्ट्र मन्त्रालय



■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि यूरोपबाट आउने मागपत्र गत जुलाईबाटै प्रमाणीकरण हुने भनिएको थियो। तर अगस्ट बित्नै लाग्दासमेत मागपत्र प्रमाणीकरण गर्न छाडेर सम्बन्धित निकाय हात बाँधेर बसेको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले प्रतिनिधि सभामा विनियोजन विधेयकमाथिको छलफलका क्रममा जुलाईबाट संस्थागत तवरमा श्रमिक पठाइने विषय जोडदार रूपमा उठाएका थिए। अन्य औपचारिक कार्यक्रममा समेत यसबारे व्यवसायीलाई आश्वस्त पार्दै आएका मन्त्री भण्डारी अहिले मौन छन्।

प्रमाणीकरणको काममा किन ढिलाई ? यसको जवाफ आफूहरूसँग नभएको श्रम मन्त्रालयका प्रवक्ता डन्डुराज घिमिरे बताउँछन्। सम्बन्धित देशका दूतावासले प्रमाणीकरण गर्ने भएकाले परराष्ट्रलाई यस विषयमा थाहा हुने भन्दै घिमिरे पन्छिए। 'दूतावासमा हाम्रो के भूमिका हुन्छ र ? अध्ययन कार्यदल बनेको छ। त्यसले काम गरिरहेको छ। तर त्यसको संयोजन परराष्ट्र मन्त्रालयको सहसचिवले गरिरहनुभएको छ। काम किन नगर्नुभएको भनेर परराष्ट्रलाई नै सोध्नुहोस्,' घिमिरेले भने।


क्रमशः पृष्ठ २ मा


# विदेशी कामदार भित्र्याउने कम्पनीको शुल्क बढाउँदै कुवेत

**काठमाडौं–** कुवेत सरकारले विदेशी कामदार भित्र्याउने कम्पनीको शुल्क बढाउने भएको छ। कुवेती नागरिकका लागि उपयुक्त हुने काममा विदेशी कामदार राख्ने कम्पनीको शुल्क बढाइने त्यहाँको पब्लिक अथोरिटी म्यानपावरले जनाइएको छ।

कुवेत सरकारले लिएको 'भिजन २०३५'को एक हिस्साको रूपमा यो घोषणा गरेको म्यानपावरको भनाइ छ। यसको उद्देश्य विदेशी कामदारमा निर्भरता कम गर्नु र त्यहाँ सञ्चालित व्यवसायमा कुवेती नागरिककै रोजगारीको सुनिश्चितता गर्नु रहेको बताइएको छ। यस योजनामा नयाँ कानून, तालिमका कार्यक्रम र निजी क्षेत्रको रोजगारीमा नागरिकलाई थप आकर्षक गर्न डिजाइन गरिएका वित्तिय प्रोत्साहन समावेश रहेको उल्लेख गरिएको छ।

उक्त योजनामा प्रवासीका लागि कामदार शुल्क बढाउने, ज्यालाको अन्तरलाई कम गर्ने र श्रम समर्थन नीति परिमार्जन गर्ने विषय समावेश भएको जनशक्ति प्राधिकरणका जनसम्पर्क निर्देशक मोहम्मद अल मुजैनीले जनाएको बताइएको छ। साथै विश्वविद्यालय र विद्यालयका पाठ्यक्रम परिवर्तन, सचेतना अभियान, र विद्यार्थीलाई निजी क्षेत्रको करियरका लागि तयार गर्न अनिवार्य इन्टर्नसिप कार्यक्रम ल्याइने उनले बताएका छन्। प्राधिकरणले कर्मचारी अधिकारको रक्षा गर्न श्रम सम्बन्ध विभाग स्थापना गरेको छ भने कुवेतीका लागि रोजगारी सिर्जना गर्ने फर्मका लागि प्रोत्साहनसमेत प्रस्ताव गरेको छ।




## पृष्ठ १ बाट क्रमश:

### ओलीका...

२०७९ मा भएको स्थानीय तह निर्वाचनको मत परिणामलाई आधार मान्दा झापा-५ मा ओलीको दल एमाले सबैभन्दा बलियो छ । वडागत मतका आधारमा एमाले ४१ हजार ६ सय १९ मतसहित पहिलो छ । कांग्रेस २२ हजार २२ मतसहित दोस्रो छ । माओवादीको १० हजार ७ सय ८८ मत, राप्रपाको ८ हजार ३ सय ५३ मत र एकीकृत समाजवादीको १ हजार ९ सय ८८ मत थियो । प्रमुख प्रतिस्पर्धी कांग्रेसभन्दा एमाले झण्डै दोब्बर मतले अघि छ । त्यसो हुनाले ओलीको जितमा राप्रपाको सामान्य भरथेग देखिएको छ ।

उता झापा-३ मा भएको लिङ्देनको जितमा एमाले निर्णायक मात्रै होइन, जिताउने मूल शक्ति नै थियो । २०७९ कै स्थानीय तहको मतलाई हेर्दा त्यहाँ कांग्रेस २५ हजार ९४९ मतसहित पहिलो हो । राप्रपा र एमाले जनमतको आधारमा समान हैसियतम छन् । राप्रपाको २१ हजार १५९ मत र एमालेको पनि २१ हजार ०८५ मत हो । माओवादी केन्द्रको ६ हजार ६८८ र नेकपा समाजवादीको ५३७ मत हो ।

चुनावको परिणाममा प्रकट भएको जनमतले शक्तिशाली कांग्रेसका नेता सिटौलालाई बारम्बार दुईपटक पराजित गर्दै लिङ्देन संसद् आउनुमा एमालेको भूमिका अहम् देखिएको छ । त्यही भएर ओलीले आगामी आम चुनाव जितेर देखाउन लिङ्देनमाथि मनोवैज्ञानिक दबाब बढाएको देखिएको छ ।

हाल लिङ्देनको दल राप्रपा प्रतिपक्षमा छ । सत्तापक्षीय दल एमालेका अध्यक्ष ओली सरकारको नेतृत्वमा छन् । उनलाई लिङ्देनले भ्रष्टाचारीको संरक्षक भन्ने गरेका छन् । उनका वरिपरिका मानिसहरूले प्रधानमन्त्रीले गर्ने नियुक्तिहरूमा करोड करोड अफर गरिरहेको लिङ्देनको आरोप थियो । ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई लक्षित गर्दै लिङ्देनले २०७८ मा नेताहरू गाउँ गए चोर आए भन्छन् भन्दै आरोप लगाएका थिए । त्यसबेला पनि ओली लिङ्देनप्रति आक्रोशित भएका थिए ।

यद्यपि, ओली र लिङ्देन दुवै सुशासनको मीठा नारा घन्काउने नेता हुन् । 'म भ्रष्टाचार गर्दिनँ, अरुलाई पनि गर्न दिन्नँ' र 'म भ्रष्टाचारीको मुख पनि हेर्दिनँ' भन्ने ओलीको नारा हो । लिङ्देन चाहिँ 'भ्रष्टाचार गरेर खानु भनेको आमाको रगत खानुसरह हो' भन्छन् । सुशासनको हिमायती भन्न रुचाउने दुवै यतिबेला आमनेसामने भएका छन् । सडक र संसद्देखि राप्रपाले सरकारको विरोध गरिरहेको छ । यसप्रति ओली असन्तुष्ट छन् ।

■■■

### निजामती...

समितिको बिहीबारको बैठकमा प्रतिनिधिसभाले पारित गरेको राजपत्रांकित विशिष्ट श्रेणीको चौधौँ तह (मुख्यसचिव र मुख्य रजिष्ट्रार)को पदावधि दुई वर्ष र विशिष्ट श्रेणी चौधौँ तहको पदावधि चार वर्ष कायम गर्ने सहमति जुटेको हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रस्ताव गरेको विधेयकमा संघीय सरकारको मुख्यसचिव र सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारको पदावधि तीन वर्ष र सचिवको पदावधि पाँच वर्ष प्रस्ताव गरेको थियो । अहिले कार्यान्वयनमा रहेको निजामती सेवा ऐन,२०४९ मा मुख्यसचिव र मुख्य रजिष्ट्रारको पदावधि तीन वर्ष र सचिवको पदावधि पाँच वर्ष रहेको छ ।

समितिका सदस्य डा अन्जान शाक्यले निजामती क्षेत्रमा रहेका युवालाई प्रोत्साहन गर्ने उद्देश्यले निजामती ऐन बनाउनुपर्नेमा जोड दिएकी थिइन् । सांसद सुरेशकुमार आले मगरले समानताका लागि संविधानमा आरक्षणको व्यवस्था गरिएको उल्लेख गर्दै नयाँ निजामती ऐनले समावेशी र समानुपातिक व्यवस्थालाई अनुकरण गर्नुपर्ने धारणा राखे ।

सांसद झक्कुप्रसाद सुवेदीले बढुवासम्बन्धी व्यवस्थामा दलित र महिलाका लागि चार वर्षको अवधि राख्नुपर्ने बताए । सांसद गंगाकुमारी वेल्वासेले समावेशिता सकारात्मक विभेद् भएकाले दलित, महिला तथा पछाडि परेका समुदायका कर्मचारीका लागि समावेशी सिद्धान्त कार्यान्वयन गर्नुपर्नेमा जोड दिएकी थिइन् । सामान्य प्रशासन मन्त्रालयका सहसचिव मिरा आचार्यले कर्मचारीको अनिवार्य अवकाश ६० वर्ष हुने भएपछि बढुवाको हकमा पाँच वर्षको कार्यअवधि राख्नुपर्ने तर्क गरिन् । आचार्यले अनिवार्य अवकाश हुने समयावधि बढेसँगै बढुवा हुने समय पनि बढ्नु व्यावहारिक पक्ष भएको धारणा राखिन् । आज बिहान १० बजेबाट यस विधेयकमाथि छलफल गर्ने कार्यतालिका रहेको छ ।

प्रशासनिक संघीयता कार्यान्वयनका सम्बन्धमा महत्वपूर्ण मानिएको निजामति विधेयकलाई पारित गर्ने कार्य यस अधिवेशनको महत्वपूर्ण कार्य हो ।

■■■

### युरोपबाट...

यूरोपमा भएका दूतावासले प्रमाणीकरण गर्न नसक्दा त्यहाँबाट माग भएका आकर्षक रोजगारी नेपालीहरूले गुमाउँदै आएको व्यवसायी बताउँछन् । समस्याको रूपमा रहँदै आएको यो विषयलाई श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग र दूतावासको समन्वयमा व्यवस्थित बनाउँदै लैजाने कुरामा परराष्ट्र मन्त्रालय प्रतिबद्ध रहेको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेलले बताउँछन् । यद्यपि यस विषयको जवाफ भने आफूसँग पनि नरहेको पौडेलले बताए ।

'ब्याकग्राउन्ड वर्क भइरहेको छ । तयारी कहिले सकिन्छ भनेर स्पष्ट भन्न नसकिए पनि समस्याको रूपमा देखिइरहेको यो विषयलाई समाधान गर्नेतिर हामी लागिरहेका छौं,' पौडेलले भने, 'कतिपय टेक्निकल इस्यू छन्, डिमान्ड लेटरहरू सबमिट हुनपर्‍यो, अनलाइन माध्यमबाट प्रोसेस गर्नुपर्‍यो । त्यो फेरि फेमिसमा प्रविष्ट हुनुपर्‍यो ।'

दूतावासको भूमिकालाई प्रभावकारी बनाउँदै वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन लागिरहेको उनको दावी रह्यो । यद्यपि हाल के काम हुँदैछ र तयारी कहिले सकिन्छ भन्ने विषयमा भने उनी यकिन सुनिएनन् । यूरोपको मागपत्र प्रमाणीकरण भए खाडी गइरहेका नेपालीलाई युरोप सिफ्ट् गर्ने व्यवसायीले बताउँदै आएका छन् । आकर्षक तलब, सुविधा र श्रम अधिकारको अवस्था राम्रो भएका मुलुकमा उनीहरूलाई पठाउन पाए व्यवसायीसमेत यसबाट लाभान्वित हुने उनीहरूको दाबी छ । यसर्थ प्रमाणीकरण चाँडो हुनुपर्ने पक्षमा व्यवसायी छन् ।

वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५का अनुसार कूटनीतिक नियोगले रोजगारदाता वा निजको प्रतिनिधि वा आधिकारिक इमेलमार्फत प्राप्त भएका मागपत्र यकिन गरी आफ्नो आधिकारिक इमेलमार्फत वैदेशिक रोजगार विभागमा पठाउनुपर्ने व्यवास्था छ । यस्ता मागपत्रहरू दश दिनभित्र प्रमाणीकरण गर्नुपर्ने प्रावधान छ । यूरोपमा दूतावास र कूटनीतिक नियोगहरू नभएका मुलुकबाट आउने मागपत्र प्रमाणीकरणमा समस्या रहेको छ ।

पछिल्लो समय यूरोपको रोजगारीमा युवाहरूको आकर्षण बढ्दो छ । संस्थागत तवरबाट रोजगारीका लागि त्यहाँ पठाउने बाटो नखुल्दा व्यक्तिगत श्रम स्वीकृति लिएर त्यहाँ जाने प्रवृत्ति पनि बढ्दो छ । यूरोपका विभिन्न मुलुकमा आकर्षक रोजगारीको प्रलोभन देखाएर ठगी गर्नेहरू पनि सक्रिय छन् । वैदेशिक रोजगार विभागमा हरेक दिन यस्ता ठगीका उजुरी दिनेको भिड लाग्छ । गत आर्थिक वर्षको माघयता प्रत्येक महिना पाँचदेखि छ सयको हाराहारीमा व्यक्तिगत ठगीका उजुरी विभाग परेको तथ्याङ्क छ । यूरोपको मागपत्र प्रमाणीकरण भए यो समस्या धेरै हदसम्म नियन्त्रणमा आउने सरोकारवालाको दाबी छ ।

व्यवसायीहरू छिट्टै प्रमाणीकरण हुनुपर्‍यो भनेर सरोकारवालाको ध्यानाकर्षण गराउँदै आएपनि दुई वटा मन्त्रालयबिचको समन्वयमा हुने भएकाले समय लागेको हुनसक्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले बताए । 'अब विदेशस्थित मिसनहरू परराष्ट्र अन्तर्गतको हो । श्रम मन्त्रालयले गर्नुपर्ने सिफारिस परराष्ट्रमा पुर्‍याइसक्यो । अब परराष्ट्रले गर्ने हो नि त । त्यो आधारमा मन्त्रीज्युले सायद जुलाइमा भनेको हो कि न,' गुरुङले भने ।

## गोपाल योञ्जनको सालिक राख्न माग

**झापा–** मेचीनगर नगरपालिकाका प्रमुख गोपाल बूढाथोकीले पूर्वीद्वार काँकडभिट्टामा प्रसिद्ध साहित्यकार गोपाल योञ्जनको सालिक राख्न माग गरेका छन् । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल काँकडभिट्टा-लौकही सडक योजनाको (पूर्वी खण्ड) मा भइरहेको पूर्वपश्चिम राजमार्गको विस्तार तथा स्तरोन्नतिको अनुगमनमा पुगेका बेला बूढाथोकीले उक्त माग अघि सारेका हुन् ।

मन्त्री दाहालले बिहीबार मेचीनगर नगरपालिका कार्यालयमा आयोजित सरोकारवालाहरुसँगको छलफल कार्यक्रममा राजमार्गको स्तरोन्नतिका क्रममा देखापरेका समस्या र जनताका मागलाई व्यावहारिक रुपमा समाधान गरिने बताए । उक्त अवसरमा मन्त्री दाहाललाई मेचीनगरका नगरप्रमुख गोपाल बूढाथोकीले पूर्वीनाका काँकडभिट्टादेखि प्यारीभिट्टा बसपार्कसम्म ६ लेन सडक विस्तार गरिनुपर्नेलगायत सातबुँदे मागपत्र बुझाएका थिए ।

नगरप्रमुख बूढाथोकीले पूर्वीद्वार काँकडभिट्टामा योञ्जनको सालिक बनाउन र घण्टाघर बनाउन राजमार्ग छेउमै स्थान उपलब्ध गराइदिन माग गरे । यसै गरी, विर्तामोड नगरपालिकाका नगरप्रमुख पवित्र महतराले विर्तामोडको मुक्ति चोकमा रहेको ऐतिहासिक जनान्दोलन स्तम्भलाई राजमार्ग विस्तारका क्रममा हटाउँदा राजमार्गकै कुनै छेउमा सो स्तम्भलाई राख्ने स्थान उपलब्ध गराइदिन माग गरे । दमक, मेचीनगर, कनकाई र पथरी क्षेत्रबाट राजमार्ग विस्तारका लागि बनाइएको डिजाइनमा थोरै फेरबदल गरेर व्यावहारिक बनाउन मन्त्री दाहालसमक्ष माग गरिएको थियो । मन्त्री दाहालले दमकस्थित नवनिर्मित काँकडभिट्टा-लौकही सडक योजना (पूर्वी खण्ड) कार्यालयको उद्घाटन गरेका थिए । *रासस*


**युएइमा रोजगार** कम्पनी : NAJAMAT BROZ TECHNICAL SERVICES CO. LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/१२ LT. No. 330123 चलानी नं. ६०२४३९४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason (Nepal) | 2 | 0 | 1500 | ५७,३६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Finishing Carpenter | 2 | 0 | 1500 | ५७,३६५ | | | | | | | |
| 3 | Steel Fixers | 2 | 0 | 1500 | ५७,३६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम इजाजत नं. ७८८/०६५/०६६

**साउदीमा रोजगार** कम्पनी : JAWA HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१२ LT. No. 330106 चलानी नं. ६०२४३९३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 3 | 0 | 1500 | ४४,९१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Sewing Machine Operator | 1 | 0 | 1500 | ४४,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/ 4589323, Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम इजाजत नं. ११०८/०७३/०७४

**युएइमा रोजगार** कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८१/04/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१२ LT. No. 307890 चलानी नं.६०२२२५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 200 | 0 | 800 | ३०,५९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81
AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED
New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com

**MAURITIUS मा रोजगार** कम्पनी : TIANLI CONSTRUCTION COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१२ LT. No. 323850 चलानी नं. ६०२३७९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason (Grade 2) | 60 | 0 | 22330 | ६८,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Shuttering Carpenter | 30 | 0 | 22330 | ६८,००० | | | | | | | |
| 3 | Steel Fixer | 10 | 0 | 22330 | ६८,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: तिलोत्तमा इन्स्टिच्यूट अफ ट्रेनिङ्ग एण्ड ट्रेड टेष्ट सेन्टर प्रा.लि., रुपन्देही, बुट्वलमा मिति: २०८२ भदौ २३ गते (8th Sep. 2025) मा हुनेछ । संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २०/२१/२२ गते (5/6/7 Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, 9861477936, 9851405368, 9801814417, 9704141922, Tel: +977-1-4960523,4957731, Email : globalreliance03@gmail.com
License No. : 832/066/67

**जापानमा रोजगार** कम्पनी : REGIONAL INDUSTRY PARTNERSHIP COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०५/११ LT. No. 330009 चलानी नं. ६०२४३९०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION EQUIPMENT | 3 | 0 | 165000 | १५७,३९५ | क.नि.अनुसार | ७ घण्टा | ५ दिन | क.नि.अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुन: काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: नि:शुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२३०/०७४/०७५
Career Development Human Resource Pvt. Ltd.
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

**साउदीमा रोजगार** कम्पनी : SEEN CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१२ LT. No. 330155 चलानी नं. ६०२४३९४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 20 | 0 | 1000 | ३७,४२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

कम्पनी : MODERN AWAD LAUNDRY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१२ LT. No. 330112 चलानी नं. ६०२४३९४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ironing Worker (Work in Laundry) | 1 | 0 | 1300 | ४८,६५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

शुक्रबार, १३ भदौ, २०८२

| | |
|---|---|
| **मेष** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **वृष** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| **मिथुन** | रोकिएका कम बन्ने नयाँ योजना । |
| **कर्कट** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **सिंह** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **कन्या** | खानपान र पहिरनमा खर्च हुनेछ । |
| **तुला** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **वृश्चिक** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **धनु** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **मकर** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **कुम्भ** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **मीन** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१३ भदौ , २०८२ (२९ अगस्ट, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४०.०० | १४०.६० |
| युरो | १ को | १६३.०० | १६३.६९ |
| पाउन्ड स्टिर्लङ | १ को | १८८.७५ | १८९.५६ |
| स्विस फ्रैन्क | १ को | १७३.८१ | १७४.५५ |
| अस्ट्रेलियन डलर | १ को | ९०.८३ | ९१.२१ |
| क्यानाडियन डलर | १ को | १०१.११ | १०१.५४ |
| सिङ्गापुर डलर | १ को | १०८.९० | १०९.३७ |
| जापानी येन | १० को | ९.४९ | ९.५३ |
| चिनियाँ युआन | १ को | १९.५५ | १९.६४ |
| साउदी अरब रियाल | १ को | ३७.३१ | ३७.४७ |
| कतारी रियाल | १ को | ३८.४१ | ३८.५७ |
| थाई भाट | ख १ को | ४.३१ | ४.३३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.१२ | ३८.२८ |
| मलेसियन रिङेट | १ को | ३३.२१ | ३३.३५ |
| दक्षिण कोरियन वन | १०० को | १०.०३ | १०.०८ |
| स्विडिस क्रोनर | १ को | १४.६१ | १४.६७ |
| डेनिस क्रोनर | १ को | २१.८४ | २१.९३ |
| हङकङ डलर | १ को | १७.९५ | १८.०२ |
| कुवेती दिनार | १ को | ४५८.१० | ४६०.०६ |
| बहराइन दिनार | १ को | ३७१.३२ | ३७२.९१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# देवचुलीमा बन्दै सुविधासम्पन्न 'ट्रमा सेन्टर'



**नवलपरासी (प्रस)**– यहाँको देवचुली नगरपालिका-१७ मा सुविधासम्पन्न ट्रमा सेण्टर निर्माणको काम सुरु भएको छ। गत असार ३० गते निर्माण सुरु भएको १८ महिनामा काम सम्पन्न गर्नेगरी सरकारसँग भएको सम्झौताअनुसार काम धमाधम भइरहेको सघन सहरी तथा भवन निर्माण आयोजना चितवनले जानकारी दिएको छ ।

कार्यालयका सूचना अधिकारी इन्जिनियर द्रोण मानदेव कटुवालले मूल्य अभिवृद्धि कर (भ्याट)सहित १० करोड ३५ लाख रूपैयाँमा निर्माण सम्पन्न गर्नेगरी चितवनको बिबिएस जेभीले निर्माणको काम गरिरहेको जानकारी दिए । 'हाल जग खन्ने काम भइरहेको छ, निर्माण कम्पनीले डण्डी झार्ने, फाउण्डेसन तयार पार्ने काम गरिरहेको छ। अबको केही दिनमा जग ढलानको काम हुन्छ,' उनले भने। वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गर्दा विभिन्न प्रजातिका ६४६ वटा रूख/पोल कटान गर्नुपर्ने प्रतिवेदनका आधारमा मन्त्रिपरिषद्बाट निर्णय भएपछि काम अगाडि बढेको कटुवालले बताए। मन्त्रिपरिषद्बाट रूख कटानको अनुमति पाएको भए पनि हाल भवन निर्माण हुने ठाउँको मात्रै रूख काटेर काम भइरहेको उनले सुनाए।

ट्रमा सेण्टरका साइट इञ्जिनियर अविशेककुमार चौरसियाका अनुसार झराही सामुदायिक वनको करिब तीन बिघा क्षेत्रफलमा ट्रमा सेण्टर निर्माण भइरहेको छ। यस्तै, १५ शयचा क्षमताको साढे दुई तलाका भवन एक हजार वर्गमिटर क्षेत्रफल ओगट्ने गरी बनाइँदै छ। जसमा भुइँतल्लामा बिरामीको उपचार, पहिलो तल्लामा अस्पताल प्रशासन, बहुउद्देश्यीय सभाकक्ष तथा अस्पताल वार्ड एवं माथिल्लो तल्लामा कर्मचारीको आवास हुने छ।

अस्पतालमा एक्स-रे कक्ष, शल्यक्रिया कक्ष (अपरेसन थिएटर), प्रयोगशालाका लागि आवश्यक पर्ने कोठाहरू निर्माण हुनेगरी नक्सा तयार भई काम अगाडि बढेको उनले बताए । पूर्व-पश्चिम राजमार्गसँगै निर्माण हुन लागेको ट्रमा सेण्टरबाट नवलपुर र छिमेकी जिल्लामा हुने दुर्घटनाका बिरामीलाई फाइदा पुग्ने जनाइएको छ ।

# अझै कायम छ 'कटुवाल प्रथा'

**लमजुङ**– प्राचीनकालमा तत्कालीन समाजको सूचना प्रसार गर्ने उद्देश्यले प्रारम्भ भएको कटुवाल प्रथा कालान्तरमा सञ्चारका अनेकौं प्रविधि विकास हुँदा करिब हराइसकेको छ। यता पहाडी जिल्ला लमजुङमा भने यो प्रथा अझै कायमै छ।

जिल्लामा आधुनिक प्रविधिको विकास तथा पहुँच नभएको होइन। प्रायःजसो नागरिकका हातहातमा मोबाइल र इण्टरनेट छ। तथापि, यहाँका कतिपय गाउँमा कटुवालकै भरमा सूचना दिने प्रचलन कायम छ। जिल्ला सदरमुकाम रहेको बेंसीसहर नगरपालिका-१० को गाउँबेंसी, लेतेफाँट, कल्लेरी, डाँडागाउँ, क्व्होलासोथर गाउँपालिका-८ घाम्राङ, घिचे, घाम्राङबेंसी, साल्मेलगायतका गाउँका स्थानीयले आफ्नै गाउँको खबर प्राप्त गर्न भने कटुवालको भर पर्नुपर्छ। बेंसीसहर वडा नं १० का ७० वर्षीय कालु परियार जब गाउँको डाँडामा उभिएर ठूलो स्वरमा उर्दी जारी गर्न थाल्छन्, सबै गाउँलेले आफूले गर्दै गरेको काम रोकेर कान ठाडो पार्दै ध्यानपूर्वक सुन्न थाल्छन्।

परियारले डाँडाबाट आफ्ना गाउँमा हुन लागेको वा हुनेवाला सूचना वा खबर सुनाउछन्। प्रविधिको माध्यमबाट सूचना दिने क्रम बढे पनि यहाँका गाउँका बासिन्दा यसरी दिने सूचना (खबर) मै विश्वास गर्छन्। गाउँमा हुने विभिन्न खाले भेला, कार्यक्रम तथा बैठक, विवाहलगायत शुभकार्यमा स्थानीयवासीलाई सहभागी गराउन कटुवालले नै खबर गर्ने प्रचलन छ।

बाँझखेतका स्थानीय तथा शिक्षक नन्दराज घलेले भने, 'विश्वका समाचार तथा विभिन्न खबर प्राप्त गरे पनि गाउँका समाचार तथा खबर भने कटुवाल कराएपछि मात्र थाहा पाउने गरेको छु। अन्य माध्यमबाट थाहा पाए पनि कटुवाल कराएपछि मात्रै ढुक्क भइन्छ।' स्थानीय दूधप्रसाद घले पनि गाउँमा हुने धेरैजसो कामका सूचना कटुवालमार्फत थाहा पाइने गरेको बताउँछन्। वर्षौंदेखि गाउँमा यो प्रथा चलिआएकाले सूचना प्रविधिको जति विकास भए पनि कटुवालको नै महत्त्व रहेको उनको भनाइ छ।

कटुवाल परियारले यसरी नै गाउँमा कराउँदै सूचना दिँदै आएको ३५ वर्ष भएको बताए। 'गाउँमा जे कार्जे भए पनि मलाई भन्छन्, अनि डाँडामा गएर गाउँलेलाई ठूलो स्वरमा कराएर सूचना दिने गरेको छु,' उनले भने। यसरी सूचना दिँदा कतिले थाहा पाएर पनि सुनिएन, बुझिएन भन्ने गुनासो गर्दा यो पेसा त्यति सजिलो नरहेको अनुभूति हुने गरेको परियारले सुनाए। 'समस्या छ, तर पनि परम्परागत रूपमा चल्दै आएको यो प्रथा जोगाउन पेसा अँगाल्दै आएको छु,' उनले भने, 'यसबापत विगतमा हरेक वर्ष प्रतिघर १२ माना कोदो दिँदै आएकामा गत वर्षदेखि भने दुई पाथी दिन थालिएको छ। पहिले मान्छे धेरै थिए, अहिले कम छन्। यसरी आएको कोदोले दुई महिना पनि परिवारलाई खाना पुग्दैन।'

यसबाहेक कोदाको उत्पादन कम भएकाले कतिपयले कोदो नै दिने गरे पनि धेरैजसोले त्यसका मूल्यबराबर पैसा नै दिने गरेको कटुवाल परियारले बताए। उनले नयाँ पुस्तामा भने यस प्रेसाप्रति कुनै चासो नरहेकाले आफ्नो शेषपछि पेसा नै नरहेन चिन्ता लाग्न थालेको गुनासो गरे।

त्यस्तै, क्व्होलासोथर गाउँपालिका-८ घाम्राङ गाउँका दूधबहादुर गुरुङले पनि कटवाल कराउने काम गर्दै आएका छन्। यहाँ वर्षौं पहिलेदेखि कटुवालको चलन चल्दै आएको र यसलाई निरन्तरता दिनका लागि आफू पनि कटुवाल बनेको उनको भनाइ छ। त्यसबापत आफूले गाउँलेबाट सामूहिकरूपमा वार्षिक पाँच मुरी धान, एक मुरी कोदो प्राप्त गर्ने गरेको गुरुङले जानकारी दिए। *रासस*

**नेपाली सेना स्वास्थ्य विज्ञान महाविद्यालय**

**भण्डारखाल, काठमाडौं**

**प्रमाणपत्र/डिप्लोमा तहका मेडिकल ल्याब टेक्नोलोजी, डाईगोनोष्टिक रेडियोग्राफी र फिजियोथेरापी कार्यक्रमहरुमा बैकल्पिक तथा पास लिष्टका उम्मेद्वारहरुलाई भर्ना आव्हान सम्बन्धि सूचना**

१. शैक्षिक शत्र २०८२/८३ को लागि प्रमाणपत्र/डिप्लोमा तहका मेडिकल ल्याब टेक्नोलोजी, डाईगोनोष्टिक रेडियोग्राफी र फिजियोथेरापी संकायहरुमा रिक्त भएका सिटहरुमा CTEVT बाट मिति २०८१/०५/०२ गते प्रकाशित नतिजा अनुसार योग्यताक्रमको आधारमा बैकल्पिक तथा पास लिष्टका उम्मेद्वारहरुलाई भर्ना लिने व्यवस्था बमोजिम मिति २०८२/०५/१३ गतेदेखि मिति २०८२/०५/१७ गतेसम्म यस महाविद्यालयमा निवेदन पेश गरी भर्ना गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२. रिक्त कोटाहरु

| सिं. नं | कार्यक्रय | जम्मा रिक्त कोटा | वर्ग | | | |
|---|---|---|---|---|---|---|
| | | | पूर्ण शूल्किय (गैह्रसैनिक) | आरक्षित सैनिक (पूर्ण शूल्किय) | लक्षित वर्ग पूर्ण शुल्किय | पुरुष कोटा (गैह्रसैनिक) |
| १. | मेडिकल ल्याब टेक्नोलोजी | १२ | ९ | १ | २ | - |
| २. | डाईगोनोष्टिक रेडियोग्राफी | १८ | १६ | - | २ | - |
| ३. | फिजियोथेरापी | ४ | ४ | - | - | - |

३. साथै, विस्तृत जानकारीको लागि www.nachs.edu.np र ०१-४८८१६३५ मा सम्पर्क गर्नु हुन ।

# गुणस्तरहीन वस्तु बेच्ने ४३ जनाविरूद्ध मुद्दा

**बागमती (प्रस)**– गुणस्तरहीन खाद्यन्न उत्पादन एवं बिक्री गरेको अभियोगमा बारा र पर्साका ४३ उद्योगविरुद्ध खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले मुद्दा दायर गरेको छ।

आर्थिक वर्ष २०८१/८२ मा बारा र पर्साका ४३ जना व्यवसायीविरुद्ध जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा दायर गरेको हो। कार्यालय प्रमुख सुरेशकुमार सिंहका अनुसार पाँच जना व्यवसायीविरुद्ध जिल्ला अदालत बारा र एक जना व्यवसायीविरुद्ध जिल्ला अदालत पर्सामा खाद्य स्वच्छता तथा गुणस्तर ऐनअन्तर्गत मुद्दा दायर गरिएको छ।

उक्त कार्यालयले अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा बाराका २६ जनाविरुद्ध जिल्ला प्रशासन कार्यालय बारामा र पर्साका दुई जना व्यापारीविरुद्ध जिल्ला प्रशासन कार्यालय पर्सामा मुद्दा दायर गरेको थियो। तेल तथा घिउजन्य पदार्थ उत्पादन गर्ने २४, खाद्यन्न, दलहन तथा सोबाट बनेको पदार्थका पाँच, फलफूल तथा सागपात तर्फका दुई, 'कन्फेक्सनरी' एक, गुलियो पदार्थका पाँच, दूध र दूधजन्य पदार्थका चार जना र दाना पदार्थका दुई उद्योगविरुद्ध मुद्दा दायर गरिएको हो।

खाद्य स्वच्छताका लागि आव २०८१/८२ मा ५६ वटा होटल तथा रेस्टुरेण्ट तथा आठवटा हाटबजार मेला महोत्सवमा अनुगमन गरिएको उक्त कार्यालयले जनाएको छ। अनुगमनका क्रममा म्याद समाप्त भएका, लेबल विवरण नभएका, सडेगलेका तथा अखाद्य वस्तु जफत गरिएको थियो।

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२/०५/०७ गते ललितपुर जिल्ला, ल.म.न.पा वडा नं.०२ सानेपा रेडियन्स स्कुल स्थित भित्री सार्वजनिक सडक खण्डमा पार्किङ गरिराखेको कालो/रातो रङ्को पल्सर मोटरसाइकल रातको अन्दाजी १०:०० बजेको समय देखि २०८२/०५/०८ गते बिहान ४ बजेसम्मको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास अटोक्राफ्ट**
**ऋणीको नाम : आईराम तामाङ**
**बाइक नं.: बा.प्र. ०२-०५८ प ४८०८**
**च्यासिस नं.: MD2ABCX4SPB71552**
**इन्जिन नं. : DMXPSB47511**
**ठेगाना : धादिङ, बेनीघाट, रोराङ**
**सम्पर्क नं. ९८४८५६२७६६**

**जोरायल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रावतकट्टे, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**प्राविधिक तथा आर्थिक प्रस्ताव पेस गर्ने सम्बन्धि सूचना ।**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०५/१३**

उपरोक्त सम्बन्धमा एक (१) थान Back hoe Loader खरीद कार्यका लागी यस जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रावतकट्टे डोटिका लागि मिति २०८२/०४/२५ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका फर्म र अन्य फर्महरुलाई प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नका लागि जोरायल गाउँपालिकाको निर्णयनुसार सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ८ को उपदफा (१) खण्ड (क) को (८) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) मा भएको व्यवस्थाको अधिनमा रही सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ६५ को उपदफा (१) (ख) अनुसार उत्पादक वा अधिकृत बिकेता द्वारा निर्धारित दरमा (क्याटलग सपिंग) खरिद गर्ने कार्यविधि , २०७४ को नियम ९(ख) बमोजिम ७ (सात) दिन भित्रको कार्यालयमा सिलबन्दी सहित प्रस्ताव पेश गर्न हुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**Thalara Rural Municipality**
**Office of Rural Municipal Executive**
Kholi, Bajhang
Sudurpashchim Province, Nepal

**Invitation for Sealed Quotation for the Procurement Goods**

**Notice No.: 2082/83-12**
**Date of Publication: 2082/05/13 (August 29, 2025)**

Thalara Rural Municipality, Office of Rural Municipal Executive, Kholi, Bajhang invites electronic bids from Nepalese eligible bidders under Sealed Quotation (SQ) procedures for the procurement of goods mentioned below:

| IFB No. | Description & Location of Work | Estimated Amount With VAT (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period (Days from Date of bid opening) |
|---|---|---|---|---|---|
| SQ/TRM/GOODS/01/2082-83 | Procurement of Office execution materials and supply to the office of Thalara Rural Municipality, Bajhang | 19,24,231.80/- | 50,000/- | 1000/- | 75 days |

**Purchase, Submission and Opening:**

| Contract | Last Date of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|
| | Date | Time | Date | Time |
| Email: thalaramun@gmail.com<br>Contact No.: 9843229890/9858420550 | 2082/05/29 (September 14, 2025) | 12:00 Noon | 2082/05/29 (September 14, 2025) | 14:00 Noon |

| Bank Name & Address | Office Name | Revenue a/c Details (Antarik Rajaswa Khata) | | Deposit a/c Details (Dharauti Khata) | |
|---|---|---|---|---|---|
| | | Account Name | Account No. | Account Name | Account No. |
| Kumari Bank Ltd. Thalara Branch | Office of Thalara Rural Municipal Executive, Kholi, Bajhang | THALARA GA.PA. ANATRIK RAJASWO KHATA GA 1.1 | 1840102612300001 | THALARA GA.PA. ISTHANIYA TAHA DHARAUTI KHATA GA 3 | 1840102612300016 |

- Tender document shall follow Public Procurement Act, 2063 (Latest Amendment), Public Procurement Regulation of Thalara Rural Municipality, 2076.
- Eligible bidders may refer complete set of Bid Document for further information at Office of Thalara Rural Municipality, Bajhang or PPMO's website www.bolpatra.gov.np/egp and bidders shall have the option of submitting their bids electronically only.
- The Employer reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**टिम भेञ्चर्स लिमिटेडको**

**दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०५/१३)**

यस टिम भेञ्चर्स लिमिटेडको मिति २०८२/०५/०१ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको दोस्रो वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्दछु ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति**: २०८२/०६/०३ गते (तदनुसार सेप्टेम्बर १९, २०२५), शुक्रबार ।
**समय**: दिउसो ३:०० बजे ।
**स्थान**: दूसिट प्रिन्सेस, लाजिम्पाट, काठमाडौं ।

**छलफलका विषयहरू:**
**(क) सामान्य प्रस्ताब :**
१) आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को बाह्य लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) सञ्चालक समितिबाट नियुक्त भएको संचालक अनुमोदन गर्ने सम्बन्धमा ।
**(ख) विशेष प्रस्ताव**
१) कम्पनीको पूँजी बृद्धि गर्ने, सोही बमोजिम प्रबन्धप्रत्रमा संशोधन गर्ने सम्बन्धमा ।
२) प्रबन्धपत्र र नियमावलीमा समसामयिक संशोधन र थप गर्ने ।
३) प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालकलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
४) प्रारम्भिक सार्वजानिक निष्काशन (IPO) गर्ने बारे ।
५) कम्पनी गाभ्ने सम्बन्धमा ।
**(ग) विविध**

संचालक समितिको निर्णयानुसार कम्पनी सचिव

**दोस्रो वार्षिक साधारण सभा सम्बन्धी थप जानकारीहरू :**
शेयरधनी महानुभावलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको इमेल ठेगानामा कम्पनीको दोस्रो वार्षिक साधारण सभा बस्ने जानकारी पत्रका साथै वार्षिक प्रतिवेदन पुस्तिकाको विद्युतीय प्रति पठाउने व्यवस्था गरिएको छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, शक्तिविनायक मार्ग, गैरिगाँउ काठमाण्डौंबाट प्राप्त गर्न सक्नु हुनेछ ।

**अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, शक्तिविनायक मार्ग, गैरीगाउ, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।**

**साउदीमा रोजगार** कम्पनी : **SAHAT ALMAJD TRADING COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०५/११ | LT. No. 330037 | चलानी नं. ६०२४३९६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales-Man | 2 | 0 | 1500 | ५६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **CLEAN SERVICE CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०५/१२ | LT. No. 330126 | चलानी नं. ६०२४३९६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 8 | 0 | 1000 | ३७,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Synnet International Pvt. Ltd. License No.: 206/057/058

**SYNNET INTERNATIONAL PVT.LTD.**
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

**युएइमा रोजगारको अवसर** कम्पनी : **MAZRUI & HAWI PAINTING COMPANY - W L L**

पूर्व स्वीकृति मिति : २०८२/०२/०५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०५/१२ | LT. No. 317283 | चलानी नं. ६०२४३५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFOLDERS | 80 | 0 | 1200 | ४५,८९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | SPRAY PAINTER | 50 | 0 | 1200 | ४५,८९१ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

**MAURITIUS मा रोजगार** कम्पनी : **SINOHYDRO CORPORATION LIMITED**

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१२ | LT. No. 317001 | चलानी नं. ६०२३१४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Site Supervisors | 10 | 0 | 24000 | ७३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 20 | 0 | 21690 | ६६,२१० | | | | | | | |
| 3 | Suttering Carpenter | 20 | 0 | 21690 | ६६,२१० | | | | | | | |
| 4 | Masion | 20 | 0 | 21690 | ६६,२१० | | | | | | | |
| 5 | Line Technicians | 10 | 0 | 21690 | ६६,२१० | | | | | | | |
| 6 | Rebar Worker/Bender | 20 | 0 | 21690 | ६६,२१० | | | | | | | |
| 7 | Welder (Ironsmith) | 20 | 0 | 21690 | ६६,२१० | | | | | | | |
| 8 | Form Fixer | 20 | 0 | 21690 | ६६,२१० | | | | | | | |
| 9 | Heavy Equipment Driver. | 50 | 0 | 22574 | ६८,९१० | | | | | | | |
| 10 | ELECTRICIAN TECHNICIAN | 20 | 0 | 21690 | ६६,२१० | | | | | | | |
| 11 | PLASTER WORKER (MASON) | 20 | 0 | 21690 | ६६,२१० | | | | | | | |
| 12 | Painter (Building/Wall) | 20 | 0 | 21690 | ६६,२१० | | | | | | | |
| 13 | Piling Factory Workers | 20 | 0 | 21690 | ६६,२१० | | | | | | | |
| 14 | Concrete Worker (Grade II) | 20 | 0 | 21690 | ६६,२१० | | | | | | | |
| 15 | Surveyor (Mech/Civil) | 10 | 0 | 23000 | ७०,२१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ७०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CIS License No.: 646/063/064

**Career International Services (P.) Ltd.**
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सरकार खै सुशासन ?

देशको प्रधानमन्त्रीको मुख्य ध्यान विकासको गतिविधिमा हुनुपर्ने हो । प्रशासनबाट जनतालाई के कतिको सुविधा भइरहेको विषयमा अनुगमन तथा अनुसन्धान गरी समस्याको गाँठो फुकाउने कामतिर लाग्नुपर्ने हो । तर प्रधानमन्त्री केपी शर्मा ओलीको पछिल्लो गतिविधि त्यस्तो देखिन्न । कहिले आफ्नै दलका नेताहरूको बारेमा राजनीतिक उछाल ल्याएर त कहिले बालुवाटारमै पार्टीका नेता कार्याकर्ता बोलाएर विपक्षी दलका नेताहरूलाई धम्क्याउनसम्म पछि पर्दैनन् ओली । अहिले युवाहरू रोजगारीको खोजीमा चौतर्फी भौतारिरहेका छन् । कुनै विषयमा स्थिरता नहुँदा उनीहरू निराश छन् । सामाजिक सञ्जालमा युवाहरूले आक्रोश पोख्छन् । वडाध्यक्ष नै भावुक सन्देश छाडेर विदेश छाड्न विवश बनेका छन् ।

यी विषयमा प्रधानमन्त्री ओलीले विशेष ध्यान दिनुपर्ने हो । युवा पुस्ताको विषयमा कुनै योजना बनाउनुपर्ने हो । तर ओली दैनिकजसो सत्ता जोगाउनतिरमात्र लागेको देखिन्छ । उनको दैनिक रटान हुन्छ, सरकार ढल्दैन । अघिल्लोपटक मन्त्रीहरूसँग कार्यसम्पादन गरेका ओलीले यसपटक पनि मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता गरेका छन् । तर उक्त कार्यसम्पादनको 'रिपोर्ट कार्ड' प्रधानमन्त्रीसँग छैन । अहिले देशको आर्थिक अवस्था संकटग्रस्त छ । भूमिसम्बन्धी कानुन बनाउन नसक्दा कित्ताकाट खुल्ला गर्न नसक्दा अहिले जग्गा कारोबार ठप्प छ । जसका कारण एक त देशभरको घरजग्गा कारोबार ओरालो लागेको छ । यसले राजश्व संकलनमा पनि कमी आएको छ ।

सहकारी ठगी प्रकरणका कारण अहिले देशभरको बैंकिङ क्षेत्र त्रास्त छ । बैंकमा गैरबैंकिङ सम्पत्ति थुप्रिएर बिक्री हुन सकेको छैन । जसका कारण ब्याजदरमा असर परेको छ । यही कारण ऋण लिनेहरू पनि घटिरहेका छन् । उखु किसानहरूलाई सधैं झुक्याएर परिबन्दमा पार्ने गरिन्छ । निजमती विधेयकमा छलछाम गरी 'कुलिङ पिरियड' नै गायब गर्नतिर लाग्दा निकै समय गोलमाल भयो । अहिले शिक्षा विधेयक किनारा लगाउन नसक्दा शिक्षकहरू फेरि आन्दोलनमा उत्रने तयारीमा छन् । दशैं नजिकिएको छ । अब विभिन्न बाहनामा व्यवसायीले मुल्य बढाएर सर्वसाधारणलाई दुख दिने क्रम चल्नेछ ।

सुशासनको मुद्दा लिएर दुई ठुला दल मिलेर बनेको यो सरकारले देशको शासनप्रतिको वितृष्णाको सम्बोधन गर्नुपर्ने हो । तर सुशासनको नाम लिनेबित्तिकै सरकार तर्कन थाल्छ । अहिले देशभरको कार्यालयमा चरम ढिलासुस्ती छ । बजेट विनियोजनदेखि बजेट कार्यान्वयनसम्म सरकारले जनताको माग सम्बोधन गर्न सकेको छैन । प्रधानमन्त्री र मन्त्रीहरू बढीजसो विदेश सयरमै रमाएको देखिन्छ । दलगत स्वार्थ र झगडा भन्दा पनि सरकार यी विषयमा सम्बोधन गर्न लागोस् । सुशासनलाई प्राथमिकता दिनु नै आजको प्रमुख आवश्यकता हो ।

**श्रम सरोकार**

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिंदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# अनलाइन सञ्चारमाध्यम व्यवस्थापनका वैकल्पिक मार्ग



■ रेवती सापकोटा

'नेपालमा पहिलो छाता कानुन बनाउने बागमती प्रदेशले प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐनमार्फत अनलाइन सञ्चारमाध्यमको दर्ता अभिलेखीकरण, नवीकरण गरेर लोककल्याणकारी विज्ञापन वितरण गरी आर्थिक सहयोग पनि उपलब्ध गराउने अभ्यास गर्दै आएको थियो । अनलाइन सञ्चारमाध्यमलाई अन्य सञ्चारमाध्यम सरहको व्यवहार गरेको बागमती प्रदेशको कानुनले हो । अनलाइन सञ्चारमाध्यमले जुन सुविधा बागमती प्रदेशबाट प्राप्त गरिरहेका थिए, अब त्यो पनि रोक्नुपर्ने परिस्थिति संघीय कानुनले खडा गरिदिएको छ ।

नेपालको संविधानले सञ्चारमाध्यमसम्बन्धी व्यवस्था संघ र प्रदेशको साझा अधिकारको सूचीमा र पत्रपत्रिका संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखेको छ । संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ७ को उपदफा उपदफा (३) मा संघीय कानुन नबनेको अवस्थामा प्रदेशले कानुन बनाउन र कार्यान्वयन गर्नसक्ने व्यवस्था गरेको छ ।

प्रदेशसभाले बनाएको प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ बमोजिम बागमती प्रदेशमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण हुँदै आएका छन् । केही नेपाल ऐन, संशोधनमा भएका ६८ वटा कानुनमध्ये छापाखाना तथा प्रकाशन ऐन, २०४८ पनि संशोधन गरी अनलाइन सञ्चारमाध्यम स्थानीय अधिकारी (प्रमुख जिल्ला अधिकारी) समक्ष दर्ता गर्ने व्यवस्था गरिएको छ । सूचना प्रविधिको विकास र विस्तार हुनसक्छ, सूचना प्रविधिमा आधारित सञ्चारमाध्यम दर्ता तथा नवीकरण गर्नु/गराउनु पर्ने परिस्थिति आउनसक्छ भन्ने परिकल्पना नगरेको छापाखाना तथा प्रकाशन ऐनमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणको विषयलाई ३४ वर्ष पुरानो कानुनमा लगेर जोड्नु व्यावहारिक देखिँदैन । संविधानमा संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा रहेको पत्रपत्रिकाका सम्बन्धमा छापाखाना तथा प्रकाशन ऐनको संशोधनमा मौन छ ।

संविधान जारी भएसँगै संघले बनाउनुपर्ने कानुन तत्काल नबनेपछि प्रदेश र स्थानीय तहले कानुन बनाएर कार्यान्वयन गरेका विषय धेरै छन् । संघले कानुन बनाउँदा स्वाभाविकरूपमा प्रदेश र स्थानीय तहका कानुन संघसँग बाझिन सक्छन् । बाझिएको हकमा संशोधन गर्ने आशयले नै प्रदेश र स्थानीय तहमा कानुन बनेका छन् । संघीय निकायले निर्देशिकाका आधारमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गरिरहेको अवस्थामा बागमती प्रदेशमा ऐनको आधारमा दर्ता तथा अभिलेखीकरण भइरहेको थियो । जब संघले नै अनलाइन सञ्चारमाध्यमसम्बन्धी व्यवस्था ऐनमा ल्याएपछि प्रदेशको कानुन संघीय कानुनसँग बाझियो । प्रदेश कानुन संघीय कानुनसँग बाझिएको हकमा संघीय कानुन लागू हुने संवैधानिक व्यवस्था छ । त्यसैले बागमती प्रदेशमा अनलाइन सञ्चारमाध्यमको नयाँ दर्ता तथा अभिलेखीकरण गर्ने काम स्थगन गरिएको छ ।

सूचना तथा प्रसारण विभागले पनि ऐनमा स्थानीय अधिकारी तोकिदिएपछि अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण स्थगन गरेको छ । संघ र प्रदेश दुवैतिर अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण नभएको अवस्थामा सेवाग्राहीको गुनासो दैनिक संघ र प्रदेशका सम्बन्धित निकायले सुन्नु परिरहेको छ । तर अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गरिरहेका संघ र प्रदेशका दुवै निकाय आफैं केही गर्नसक्ने अवस्थामा पनि छैनन् । संघीय संसद्बाट पारित भएको कानुन सच्याउने सोही संसद्ले नै हो ।

संघीय कानुनमा यसअघि दर्ता भएका सञ्चारमाध्यम नवीकरण गर्न कहाँ जाने भन्ने नै स्पष्ट छैन । कानुन व्याख्यासम्बन्धी ऐनले संघ, प्रदेश र स्थानीय तहले बनाएका कानुनलाई नेपाल कानुन भनेर व्याख्या गरेको छ । यस्तो अवस्थामा एउटा कानुनबमोजिम दर्ता तथा अभिलेखीकरण भएको सञ्चारमाध्यम कुन निकायमा स्थानान्तरण हुने भन्ने विषय स्पष्ट खुलाउनुपर्ने हुन्छ । अनलाइन सञ्चारमाध्यमसँग सम्बन्धित नयाँ कानुनमा त्यो विषय पनि खुलाइएको छैन । अनलाइन सञ्चारमाध्यम इन्टरनेटमा आधारित हुन्छ । यसको विकास र विस्तार यति छिटो भइरहेको छ कि कानुन बनाउनु अगाडि एउटा व्यवस्था हुन्छ, त्यो कार्यान्वयनको चरणमा पुग्दा अर्कै अवस्था सिर्जना हुन्छ ।

सो संशोधित ऐन कार्यान्वयनका लागि नियमावली पारित भएको छैन । नियमावलीको मस्यौदा तयार गर्न सरोकार भएका निकायबीच छलफल भएको अवस्था पनि छैन । यस्तो अवस्थामा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गर्न चाहनेको चाप बढेको छ । नयाँ कानुनले स्पष्ट मार्गनिर्देशन नदिएको अवस्थामा नयाँ तोकिएको निकायले पुरानै निकायमा दर्ता गरिदिन सिफारिस गर्ने गरेको छ । यस्तो अभ्यास संघ र प्रदेशका निकायबीच र प्रदेशभित्रकै निकायबीच पनि हुने गरेको छ ।

पञ्चायतकालमा गृह र सञ्चार मन्त्रालयको काम एउटै मन्त्रालयले हेर्थ्यो । गृह मन्त्रालयअन्तर्गत त्यतिबेला स्थानीय अधिकारी भनेको अहिलेको प्रमुख जिल्ला अधिकारी हुन्थ्यो । त्यही भएर पत्रपत्रिका जिल्लाबाट नै दर्ता गर्ने व्यवस्थाका लागि स्थानीय अधिकारी भनेर प्रमुख जिल्ला अधिकारीलाई जिम्मा दिइएको देखिन्छ । अहिलेको सूचना तथा सञ्चार मन्त्रालय पहिले पञ्चायतकालमा दुईवटा छुट्टाछुट्टै मन्त्रालयमा विभाजित थियो । २०२८ वैशाख १ गते कीर्तिनिधि विष्ट नेतृत्वको मन्त्रिपरिषद्मा गृह पञ्चायत, सूचना तथा प्रसारमन्त्री रुद्रप्रसाद गिरी थिए भने निर्माण, सञ्चार तथा यातायातमन्त्री चर्तुभुजप्रसाद सिंह ।

छापाखाना तथा प्रकाशन ऐन, २०४८ मा पञ्चायती व्यवस्थाको त्यही स्थानीय अधिकारीलाई 'कपि-पेस्ट' गरिएको देखिन्छ । वि.सं. २०४८ पछि वि.सं. २०६३ मा अन्तरिम संविधान र वि.सं. २०७२ मा संविधानसभाबाट जारी भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान गरी दुईवटा संविधान बनिसकेका छन् । पछिल्लो संविधानले संघ, प्रदेश र स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरेको छ । तर प्रत्यायोजित अधिकारलाई व्यवस्थित गर्ने मामिलामा संघीय कानुन बेखबरजस्तै देखिएको छ । अहिलेको संविधानले प्रमुख जिल्ला अधिकारीलाई चिन्दैन, प्रदेश र स्थानीय तहलाई चिन्छ । संविधानले चिन्दै नचिनेको निकायमा सञ्चारमाध्यम दर्ता गर्ने निकाय तोकिनु संविधान अनुकूल होइन ।

नेपालमा पहिलो छाता कानुन बनाउने बागमती प्रदेशले प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐनमार्फत अनलाइन सञ्चारमाध्यमको दर्ता अभिलेखीकरण, नवीकरण गरेर लोककल्याणकारी विज्ञापन वितरण गरी आर्थिक सहयोग पनि उपलब्ध गराउने अभ्यास गर्दै आएको थियो । अनलाइन सञ्चारमाध्यमलाई अन्य सञ्चारमाध्यम सरहको व्यवहार गरेको बागमती प्रदेशको कानुनले हो । अनलाइन सञ्चारमाध्यमले जुन सुविधा बागमती प्रदेशबाट प्राप्त गरिरहेका थिए, अब त्यो पनि रोक्नुपर्ने परिस्थिति संघीय कानुनले खडा गरिदिएको छ ।

बागमती प्रदेशमामात्र ३०० भन्दा बढी अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण भएका छन् । तीमध्ये आधाभन्दा बढी नवीकरण पनि हुने गरेका छन् । प्रदेश सरकारले तोकेको शुल्क बुझाइ प्रदेशमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण र नवीकरण हुने गरेका छन् ।

बागमती र मधेसबाहेक लुम्बिनी र गण्डकी प्रदेशमा अनलाइन सञ्चारमाध्यम प्रदेशमा दर्ता तथा अभिलेखीकरण गर्ने कानुनी व्यवस्था भइसकेको छ । लुम्बिनी र गण्डकी पनि अनलाइन सञ्चारमाध्यमसम्बन्धी कानुनी व्यवस्थालाई कार्यान्वयन गर्ने चरणमा पुगेका छन् । कोशी र कर्णाली प्रदेशमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गर्नेगरी विधेयक तयार गरी प्रदेशसभामा छलफल भइरहेको छ ।

सञ्चारमाध्यमलाई सूचना प्रविधिसँग सम्बन्धित निकायसँग जोडेर स्वनियमनमा लैजान प्रोत्साहित गर्ने हो । नियमावली बनाउँदै गर्दा प्रदेशका सञ्चारमाध्यम हेर्ने मन्त्रालय वा मन्त्रालय मातहतका निकायका अधिकारीहरूलाई अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गर्ने व्यवस्था गर्ने/गराउने गरी स्थानीय अधिकारी तोक्न सकिने अवस्था अझै छ ।

सञ्चारमाध्यम र पत्रकारलाई गुणस्तरीय सूचना सामग्री पस्कने बनाउन उनीहरूको क्षमता विकास गर्न बागमती प्रदेशद्वारा सञ्चालित कार्यक्रमजस्तै अन्य प्रदेशले पनि सञ्चालन गर्दा पत्रकारिताको गुणस्तर वृद्धिमा योगदान पुग्छ, त्यसले सुशासन कायम गराउन पनि मद्दत गर्दछ । सुशासन र पारदर्शिताका लागि सञ्चारमाध्यमलाई व्यवस्थित बनाउनु, सहजीकरण गर्नु, पत्रकारलाई प्रतिस्पर्धी र प्रविधिमैत्री बनाउँदै लैजानु आजको आवश्यकता पनि हो । इन्टरनेटमा आधारित सञ्चारमाध्यम भएकाले अनलाइनमा पस्किने सामग्री क्षणभरमा विश्वस्तरमा वितरण हुन्छ । त्यसकारण संघमा राख्नु परेको हो भन्ने मान्ने हो भने डिजिटल युगमा कुन-कुन विषयको क्षेत्राधिकार कहाँ राख्ने भनेर अर्को बहस हुन सक्छ । फ्रिक्वेन्सीको अधिकार संघमा छ, संघसँगको समन्वयमा फ्रिक्वेन्सी लिएर प्रदेश सरकारबाट इजाजत प्राप्त गरी प्रसारण भइरहेका एफएम रेडियोको प्रसारण क्षेत्र पनि प्रदेशमा सीमित रहँदैन ।

मधेस प्रदेशको एफएम रेडियो बागमतीमा सुनिन्छ, बागमती प्रदेशको रेडियो लुम्बिनी र गण्डकीमा पनि सुनिन्छ । केवल टेलिभिजन प्रदेशको क्षेत्राधिकार भनेर राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधन गरी प्रदेशलाई दिइएको छ । तर, केवल टेलिभिजन पनि डिजिटल प्रणालीमा गएको अवस्थामा नेपालभर प्रसारण हुन्छ । एक प्रदेशमामात्र केवल टेलिभिजनलाई पनि रोक्न सम्भव हुँदैन । टेलिभिजन वा रेडियोले उत्पादन गरेका सामग्री युटचुव वा पोडकास्टमा राखेपछि त्यो संसारभर हेर्न र सुन्न सकिन्छ । सातवटा प्रदेशमा छुट्टाछुट्टै प्रेस काउन्सिल हुनु व्यावहारिक हुँदैन । मेडिकल काउन्सिल, इन्जिनियरिङ काउन्सिल, बार काउन्सिल एउटै भएजस्तै आमसञ्चारमाध्यमले पस्कने समाचारमूलक सामग्रीको अनुगमन गर्ने निकाय पनि एउटै हुनु उपयुक्त हुन्छ । एउटा देशमा फरक-फरक काउन्सिल हुँदा फरक-फरक मापदण्ड र आचारसंहिता बन्न सक्छन् । त्यसले निम्त्याउँन सक्ने परिणामप्रति पहिले नै सचेत हुनु आवश्यक हुन्छ । त्यसैले सातवटै प्रदेशसँगको समन्वय र परामर्शमा संघीय निकायले आचारसंहिता र मापदण्ड बनाएर लागू गराउनु उपयुक्त हुन्छ ।

अनलाइन सञ्चारमाध्यमलाई प्रदेश तहबाट दर्ता तथा अभिलेखीकरण गर्ने र संघीय तहमा रहेको स्वायत्त प्रकृतिको प्रेस काउन्सिलको सातवटै प्रदेशमा एकाइ खडा गर्ने, त्यो एकाइले प्रदेशको सञ्चारमाध्यम नियमन गर्ने निकायसँग समन्वय गरी आचारसंहिता अनुगमन गर्ने व्यवस्था गर्नु नै विकल्प हुनसक्छ । सूचना प्रविधिको क्षेत्र छिटो विकास र विस्तार भइरहेको हुनाले योसँग सम्बन्धित प्रविधि, जनशक्ति व्यवस्थापन र नियमनका लागि आवश्यक कानुनी प्रबन्ध गर्न स्थानीय तहभन्दा प्रदेश सक्षम हुन्छ । *रासस*

*(लेखक बागमती प्रदेशका सञ्चार रजिस्ट्रार हुन्)*

**पाठक मञ्च**

# यातायातमा खुलेआम घुसको लेनदेन !

प्रधानमन्त्री केपी शर्मा ओली भन्छन्, 'भ्रष्टाचार गर्दिनँ र अरुलाई पनि गर्न दिन्नँ ।' तर, यातायात कार्यालयहरूमा अझै पनि घुस खाने-खुवाउने क्रम जारी छ । कालो प्लेटमा दर्ता भएका सार्वजनिक यातायातको छ-छ महिनामा जाँचपास, प्रदूषण जाँच गर्नुपर्छ ।

तर, यातायात व्यवसायीहरू गाडी नै नलगी कार्यालयका हाकिम-कर्मचारीलाई तीन हजार रूपैयाँ घुस खुवाएर जाँचपास गराइरहेका छन् । प्रदूषण पासको हरियो स्टिकर ल्याइरहेका छन् । उता, गाडीको अवस्थाचाहिँ दयनीय हुन्छ । धुँवाको मुस्लो फ्याल्दै गाडी बाटोमा गुडिरहेको हुन्छ । गाडीको अगाडि र झ्यालको सिसा फुटेको हुन्छ । पानी पर्दा माथिबाट चुहिन्छ । सिटमा बस्दा यात्रुको कपडा नै च्यातिन्छ । कतिपय सिट त भाँचिएकै हुन्छ । त्यस्तो सिटमा बस्दा यात्रुको ज्यानै जोखिममा पर्छ । अनि गाडी यस्तो हालतमा बाटोमा गुडिरहँदा बिलबुकमाचाहिँ जाँचपास, प्रदूषण पास भएको भनी आउँछ ।

यी गाडी वर्कसप लगेर बनाउने हो भने एकदेखि पाँच लाख रूपैयाँसम्म लाग्छ । अर्कोतर्फ, गाडी बनाउन महिनौं दिन लाग्छ । भाडाका गाडीले एक दिनमा रोडअनुसार पाँच हजारदेखि २५ हजार रूपैयाँसम्म कमाउँछन् । अनि तीन हजार रूपैयाँ घुस खुवाएर जाँचपास, प्रदूषण पास भएपछि न गाडी बनाउनुपर्‍यो न आम्दानी नै रोकियो । सवारी तथा यातायात ऐन, २०४९ र नियमावली, ०५४ मा सार्वजनिक यातायातका सवारीसाधनको छ-छ महिनामा जाँचपास, प्रदूषण गर्नुपर्ने र चार-चार महिनामा रोडपर्मिट, बिलबुक नवीकरण र कर एक-एक वर्षमा तिर्नुपर्ने व्यवस्था छ ।

गाडी नै नलगी जाँचपास र प्रदूषण ल्याएका यातायात व्यवसायीले दिएको तीन हजारमध्ये गाडीको सिसी र मोडेल हेरेर २०० देखि ६०० रूपैयाँसम्म राज्यको ढुकुटीमा जान्छन् । बाँकी रकमचाहिँ कार्यालयका दलाली, कर्मचारी र हाकिमको गोजीमा जान्छ । कानुनमा जाँचपास र प्रदूषण सकिएको १५ दिनभित्र फेरि नगरेमा जरिवाना तिर्नुपर्छ । तर, यातायातका कर्मचारी र व्यवसायीको मिलेमतोमा जरिवाना लिइँदैन । घुस पाएपछि कर्मचारीहरूलाई जरिवानाको के चासो । उता, चार-चार महिनामा गर्नुपर्ने रोड पर्मिट नवीकरणको ५०० देखि ८०० रूपैयाँसम्म लाग्छ ।

म्याद सकिएको १५ दिनभित्र नगरेमा यसको पनि जरिवाना लाग्छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत रोड पर्मिट नवीकरण छ-छ महिनामा गर्नुपर्ने व्यवस्था ल्याएको छ । जसले गर्दा पहिले एक वर्षमा १५ सय राजस्व आउनेमा अब एक हजारमात्र आउँछ । अर्कोतर्फ, १५ दिन कटेपछि तिर्नुपर्ने जरिवानाको व्यवस्थासमेत हटाइएको छ । सरकार आफैं यातायात व्यवसायीहरूको संरक्षणमा लागेको छ । जनता ठग भनेर यातायात व्यवसायीलाई खुलेआम छोडिदिएको अवस्था छ । यातायात व्यवसायीहरू थोत्रा गाडीमा यात्रु चढाउँछन् । तर, गाडीको बिमाचाहिँ गरिएको हुँदैन । जसका कारण केही गरी चालकको लापरवाही, गाडीको अवस्थाले गर्दा गाडी दुर्घटनामा परी यात्रुको ज्यान गएमा उनीहरूको परिवारले न बिमा रकम पाउँछन् न क्षतिपूर्ति ।

व्यवसायीहरूले घुसका आडमा थोत्रा, पुराना गाडीको जाँचपास, प्रदूषण र रोड पर्मिट नवीकरण गरिरहँदा यात्रुको सुरक्षाप्रति नै गम्भीर प्रश्न उठेको छ । यस्ता गाडीमा चढ्दा जुनसुकै बेला यात्रुको ज्यान जानसक्छ । जनता आफ्नो ज्यान जोखिममा पारेर यातायात व्यवसायीले भनेजति भाडा तिरेर यस्ता गाडीमा यात्रा गर्न बाध्य छन् ।

उता, ट्राफिक प्रहरीले गाडी चेकजाँच गर्दा बिलबुक नवीकरण, जाँचपास र प्रदूषणको हरियो स्टिकर टाँसिएको देखिन्छ । अनि भित्र गाडीको अवस्था हेर्दाचाहिँ कबाडीलाई दिँदासमेत नलैजाने खालको हुन्छ । केही वर्षअघि वातावरण विभागको महानिर्देशक नवराज घिमिरे हुँदा सवारीसाधनको प्रदूषण चेकजाँच गरिएको थियो । त्यसक्रममा बिलबुकमा नवीकरण, जाँचपास, प्रदूषणको हरियो स्टिकर टाँसेका धेरैजसो गाडीहरू प्रदूषणमा फेल भएका थिए । कारबाहीमा पर्ने भएपछि यातायात व्यवसायीहरूले महानिर्देशक घिमिरेकै सरुवा गरिदिए । अहिले वातावरण विभाग, ट्राफिक महाशाखा र यातायात व्यवस्था विभागलगायत कुनै पनि निकाय सवारीसाधनको अवस्था चेकजाँच गर्दैन ।

०७२ चैत १ गतेको मन्त्रिपरिषद् बैठकले ०७३ फागुन १७ गतेबाट बागमती प्रदेश र ०७४ चैत १ गतेदेखि देशभरबाट २० वर्षे गाडी हटाउने निर्णय गर्‍यो । ०७७ साल माघमा संघीय यातायात मन्त्रालयले २० वर्षे गाडी पत्रु गराउने निर्णय गर्‍यो । ०८० साउन पहिलो हप्ता काभ्रेपलाञ्चोकको धुलिखेलमा दुई दिने संघीय यातायातमन्त्रीसहित सातै प्रदेशका यातायातमन्त्री, मुख्यमन्त्री र यातायात व्यवस्था विभागका महानिर्देशक बसेर ११ बुँदे निर्णय गरे । जसमा यातायात क्षेत्रमा भएको सिण्डिकेट हटाउनेसहित २० वर्षे गाडीको पत्रु गराउने र त्यसको स्क्राइभ गरेको नम्बरप्लेटमा नयाँ गाडी दर्ता गर्न नदिने निर्णय गर्‍यो । ०८२ असार १ गते बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेट ल्यायो । बजेटमा तीन हजार नयाँ ट्याक्सीको दर्ता खोल्ने भनिएको छ ।

साउन १ गतेबाट बजेट कार्यान्वयनमा गइसक्यो । तर, न नयाँ ट्याक्सी खोल्न सूचना जारी गरिएको छ न २० वर्षे गाडी ट्याक्सीले समातेको छ । २२ वर्षदेखि ३२ वर्ष पुराना ग्याँस टेम्पो, माइक्रो बस, ट्याक्सी, भाडाका गाडी धुँवाको मुस्लो फ्यालेर बाटोमा गुडिरहेका छन् । यस्तो बेथिति घुसखोरीकै कारण भएको हो । यसको नियन्त्रणमा राज्य चुकिरहेको छ ।

**– दीपक श्रेष्ठ, भक्तपुर**

# बर्सातमा जहिल्यै जोखिमपूर्ण पृथ्वीराजमार्ग

**मलेखु (धादिङ)–** कतै पिच, कतै ढलान झट्ट हेर्दा कस्तो राम्रो सडक बनेछ भन्ने लाग्न सक्छ । तर ठाउँठाउँमा पहिरो, धूलो, हिलो र खाल्डाखुल्डीले दिने सास्तीले फेरी यात्रुले देखेजस्तो रहेनछ भन्ने अनुभूति गर्छन् ।

विस्तारको क्रममा रहेको पृथ्वीराजमार्गमा पानी परेको बेला कतिखेर कहाँनेर पहिरोले बाटो थुनिने हो पत्तो हुँदैन । डोजरले खारिएका भित्ताबाट झर्ने ढुंगामुढाबाट जोगिन धौधौ पर्छ ।

काठमाडौंदेखि धादिङसम्मको माइक्रोबस चालक विकास श्रेष्ठ भन्छन्, 'हिजोआज त सडकको खाल्डोमा भन्दा आँखा पहिरो झर्ने ठाउँमा पुऱ्याउनुपर्छ ।' बुधबारदेखि यस क्षेत्रमा निरन्तर पानी परिरहेको छ । ठाउँ ठाउँमा स-साना पहिरोले सडक थुनिने र सञ्चालन हुने क्रम चलिरहेको छ । घण्टौं कुर्नुपर्ने गरी भने सडक थुनिएको छैन । त्रिभुवन राजपथको नागढुंगा-नौबिसे सडक खण्ड र पृथ्वी राजमार्गको नौबिसे-मुग्लिन सडक खण्ड बर्खा लागेसँगै जोखिमपूर्ण छ ।

सडक फराकिलो बनाउन काटिएका भित्ताबाट खसेको स-साना पहिरोले अधिकांश सडक हिलाम्मे र धुलाम्मे हुने गरेको छ । आधा काम गरेर बाँकी रहेको स्थानका खाल्डाखुल्डीले साना ठूला सबै सवारीसाधन गुडाउन गाह्रो छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सुवास हमाल भन्छन्, 'पृथ्वी राजमार्ग यतिबेला जोखिमपूर्ण छ । तर, हिँड्नै नसक्ने अवस्थाको छैन ।'

पहिरो र गेग्रानले सडक छियाछिया छ । सडकमा हरेकले चालक होसियार भएर ट्राफिक नियमको पालना गर्ने हो भने मात्र सम्भावित दुर्घटनाबाट जोगिन सकिन्छ । मोटरसाइकल र स्कुटरलाई यो सडक पार गर्न निकै कष्ट छ । घाम लागेको बेला अधिकांश स्थान धुलाम्मे हुन्छ । पानी पऱ्यो भने त्यही धुलो लेदोमा परिणत भएर चिप्लो हुने गर्छ । *रासस*

# 'कर्णाली प्रदेशमा ४२ प्रतिशत चिन्ता र २३ प्रतिशत निराशा'

**कर्णाली–** कर्णाली प्रदेशमा ४२ प्रतिशत चिन्ता र २३ प्रतिशत निराशाका रोगी रहेको पाइएको छ । यस्तै, यहाँ ११.७ प्रतिशत मानिस कुनै न कुनै मानसिक रोगबाट ग्रसित भएको पाइएको छ ।

स्विस सरकार तथा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सिएमसी नेपाल)को आर्थिक एवं प्राविधिक सहयोगमा कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयद्वारा सुर्खेत वीरेन्द्रनगरमा बुधबार आयोजित 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति कार्ययोजना २०७९-२०८७' को मध्यकालीन समीक्षा तथा अन्तरक्रियामा यस्तो तथ्यबारे जानकारी दिइएको हो ।

सिएमसी नेपालका निर्देशक डा. पशुपति महत मानसिक स्वास्थ्य, यसको राष्ट्रिय नीति तथा रणनीतिबारे आफ्नो प्रस्तुति राख्दै राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्को तथ्यांकअनुसार कर्णालीमा ४२ प्रतिशत चिन्ता र २३ प्रतिशत निराशाका रोगी भएको बताए । ११.७ प्रतिशत मानिस कुनै न कुनै मानसिक रोगबाट ग्रसित भएको जनाउँदै उनले यसको रोकथामका लागि सबै तहका सरकारले लगानी गर्नुपर्ने धारणा राखे ।

कार्यक्रममा सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले मानसिक स्वास्थ्य समस्या समाधानमा साझा प्रयास आवश्यक रहेको बताएका छन् । 'हाल रोग लाग्नेभन्दा पनि लुकाउने समस्या छ, यो सोचनीय कुरा हो । धेरै थोरैमात्र हो सबै मानिसमा मानसिक स्वास्थ्य समस्या छ । यसमा समयमै गम्भीर बनौं,' उनले भने ।

मन्त्री भण्डारीले कर्णाली प्रदेशले देशका सात प्रदेशमध्ये पहिलोपटक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति तथा कार्ययोजना निर्माण गरी कार्यान्वयनस्तरमा पुऱ्याएको बताए । सोही मन्त्रालयका सचिव धोलकराज ढकालले मानसिक स्वास्थ्य आधारभूत अधिकार भएको बताए । स्वास्थ्यले तत्काल र शिक्षाले दीर्घकालीन प्रभाव पार्ने भएकाले जतिसक्दो मानव स्वास्थ्य संरक्षणका लागि सबै सरोकार भएकाहरू सचेत बन्नुपर्ने उनको भनाइ थियो ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र सुर्खेतका निर्देशक शक्ति सुवेदीले प्रदेशका विभिन्न जिल्लाका समस्याबारे अध्ययन गरेर विभिन्न प्रकारका औषधि आपूर्तिको काम भइरहेको बताए । राष्ट्रिय मानवअधिकार आयोगका कर्णाली प्रदेश कार्यालय प्रमुख रमेश थापाले मर्यादित जीवन जिउन पाउने अधिकार सुनिश्चितताका लागि सबै लाग्नुपर्ने बताए ।

मानसिक रोग विशेषज्ञ डा. सुशील समदर्शीले कर्णाली प्रदेश सरकारको मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति कार्ययोजनाको आगामी कार्यदिशा, लिएको नीति र हालसम्म भएका प्रगति र जनस्वास्थ्य अधिकृत किरणकुमार शर्माले कर्णालीको मानसिक स्वास्थ्य र यसको सुधारका लागि प्रदेश सरकारले गर्दै आएका गतिविधि र क्रियाकलापबारे आफ्नो प्रस्तुति राखे ।

सिएमसी नेपालका नीति, रणनीति तथा सुशासन प्रमुख हिमाल गैरेले 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति कार्ययोजना २०७९-२०८७ को मध्यकालीन समीक्षा' गरी छुटेका विषयहरू समेट्ने र विशेषगरी माथिल्लो कर्णालीका समस्यालाई रणनीति तथा कार्ययोजनामा समावेश गर्ने कार्यक्रमको उद्देश्य रहेको बताए । उनका अनुसार बसाइँसराइ र कमाउनका लागि विदेश पलायन भएर फर्कने रुकुमपश्चिमजस्ता जिल्लाका नागरिकको मानसिक स्वास्थ्य अवस्था अझ बढी डरलाग्दो भएको पाइएको छ । *रासस*

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०८/०४ मा दर्ता भएको **प्रा. लि. नं. ३५५४७८/०८१/०८२** को **प्रिज्मा कोरियन भाषा सेन्टर प्रा. लि.** को मिति २०८२/०५/१२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः कुमार गुरुङ, इजाजत पत्र नं. ५२१, त्रिपुरेश्वर, काठमाडौं, ९८४१८६१६३०**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD.
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

# विद्यार्थी र पत्रकारको अमेरिका बसाइ सीमित गर्ने ट्रम्पको निर्णय

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले विदेशी विद्यार्थी र पत्रकारलाई संयुक्त राज्य अमेरिकामा कति समय बस्न पाउने भन्ने विषयमा कडा प्रतिबन्ध लगाउने निर्णय गरेको छ ।

प्रस्तावित परिवर्तनअनुसार विदेशी नागरिकले अमेरिकामा विद्यार्थी भिसामा चार वर्षभन्दा बढी बस्न पाउने छैनन् । विदेशी पत्रकारलाई २४० दिनको मात्र बसाइमा सीमित गरिने छ, यद्यपि उनीहरूले थप २४० दिनको समयावधि बढाउन आवेदन दिन सक्ने छन् । यद्यपि, चिनियाँ पत्रकारहरूले केवल ९० दिनको भिसामात्र पाउने छन् ।

संयुक्त राज्य अमेरिकाले अहिलेसम्म सामान्यतया विद्यार्थीको शैक्षिक कार्यक्रम वा पत्रकारको कामको अवधिका लागि भिसा जारी गर्दै आएको छ, यद्यपि कुनै पनि गैरआप्रवासी भिसा १० वर्षभन्दा बढीका लागि मान्य हुँदैन । प्रस्तावित परिवर्तनहरू फेडरल रजिस्टरमा प्रकाशित गरिएको थियो तिनीहरू लागू हुनुअघि सार्वजनिक टिप्पणीका लागि छोटो अवधिको सुरुआत गरे ।

ट्रम्पको 'डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटी'ले अनिर्दिष्ट संख्यामा रहेका विदेशीहरूले अनिश्चितकालका लागि आफ्नो अध्ययन लम्ब्याएको आरोप लगाएको छ। 'विगतको प्रशासनले विदेशी विद्यार्थी र अन्य भिसाबाहकलाई अनिश्चतकालका लागि अमेरिकामा बस्न अनुमति दिएको छ, जसले सुरक्षा जोखिम निम्त्याएको छ, करदाताको अकथनीय डलर खर्च गरेको छ र अमेरिकी नागरिकलाई असुविधा भएको छ,' विभागले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

वाणिज्य विभागको तथ्यांकअनुसार सन् २०२३ मा अमेरिकी अर्थतन्त्रमा ५० अर्ब डलरभन्दा बढी योगदान पुऱ्याएका अन्तर ाष्ट्रिय विद्यार्थीले अमेरिकी नागरिक र करदातालाई कसरी चोट पुऱ्याएका छन् भन्नेबारे विभागले केही बताएको छैन । संयुक्त राज्य अमेरिकाले सन् २०२३ र सन् २०२४ को शैक्षिक सत्रमा ११ लाखभन्दा बढी अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई स्वागत गरेको छ, जुन कुनै पनि अन्य देशको तुलनामा बढी हो । यसले राजस्वको महत्त्वपूर्ण स्रोत प्रदान गर्दछ किनकि विदेशीहरूले सामान्यतया पूर्ण टचुसन शुल्क तिर्छन् ।

अमेरिकी कलेज र विश्वविद्यालयको नेतृत्वको प्रतिनिधित्व गर्ने एक समूहले पछिल्लो कदमलाई अनावश्यक नोकरशाही अवरोधको रूपमा निन्दा गरेको छ जसले शैक्षिक निर्णय प्रक्रियामा हस्तक्षेप गरेको आरोप लगाएको छ । यसले सम्भावित विद्यार्थीहरूलाई थप रोक्न सक्छ, अन्यथा अनुसन्धान र रोजगारी सिर्जनामा अवरोध पुऱ्याउँछ । 'यो प्रस्तावित नियमले विश्वभरका प्रतिभाशाली व्यक्तिहरूलाई संयुक्त राज्य अमेरिकामा उनीहरूको योगदानको कदर गरिएको छैन भन्ने सन्देश दिन्छ,' उच्च शिक्षा र आप्रवासनसम्बन्धी 'प्रेसिडेन्ट्स एलायन्स'का अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत मिरियम फेल्डब्लमले भने । उनले भने, 'यो अन्तर्राष्ट्रिय विद्यार्थीका लागिमात्र हानिकारक छैन, यसले अमेरिकी कलेज र विश्वविद्यालयहरूको उच्च प्रतिभालाई आकर्षित गर्ने क्षमतालाई पनि कमजोर पार्छ र यसले हाम्रो विश्वव्यापी प्रतिस्पर्धात्मक क्षमतालाई कम गर्छ ।'

## कडा नकारात्मक प्रतिक्रिया

ट्रम्प प्रशासनले यसअघि चालेका कदमपछि विश्वविद्यालयहरूले आफ्नो शैक्षिक वर्ष सुरु गर्न थालेको र धेरैले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको भर्ना कम भएको रिपोर्ट गरिरहेका बेला यो घोषणा गरिएको हो । यद्यपि, ट्रम्पले आफ्ना समकक्षी सी चिनफिङसँगको न्यानो सम्बन्धको प्रशंसा गर्दै अमेरिकामा चिनियाँ विद्यार्थीको संख्या दोब्बर गरेर छ लाख पुऱ्याउन चाहेको बताएका छन् । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले चिनियाँ विद्यार्थीको भिसा 'आक्रामक' रूपमा रद्द गर्ने यसअघिको प्रतिबद्धताबाट पछि हटेको उनको यो भनाइले पुष्टि गर्छ ।

अमेरिकी विदेश मन्त्रालयले गत हप्ता ट्रम्पले पदभार ग्रहण गरेयता छ हजार विद्यार्थीको भिसा रद्द गरेको बताएको थियो । ट्रम्पले विश्वविद्यालयहरूलाई संघीय अनुसन्धान कोषको अर्बौं डलर पनि निलम्बन गरेका छन् । उनको प्रशासनले उनीहरूले यहुदीविरुद्ध काम नगरेको दाबी गरेको छ भने अमेरिकी संसद् (कंग्रेस) ले निजी विश्वविद्यालयहरूको अनुदानमा तीव्ररूपमा कर बढाएको छ । आफू निर्वाचित हुनुअघि एक सम्बोधनमा उपराष्ट्रपति जेडी भान्सले कन्जरभेटिभहरूले विश्वविद्यालयहरू माथि आक्रमण गर्नुपर्ने बताएका थिए । *रासस⁄एएफपी*



गाजा सहरको दक्षिणपश्चिममा रहेको आश्रयस्थलमा एक विस्थापित प्यालेस्टिनी बालिका । *तस्बिर: सिन्हुवा*

# उत्तर कोरियाका नेता किम चीनमा हुने सैन्य परेडमा सहभागी हुँदै

**बेइजिङ–** उत्तर कोरियाली नेता किम जोङ उनले दोस्रो विश्वयुद्धको अन्त्य भएको ८० वर्ष पूरा भएको अवसरमा अर्को हप्ता चीनमा आयोजना हुने विशाल सैन्य परेडमा भाग लिने भएका छन् ।

परेडमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र इरानी राष्ट्रपति मसूद पेजेस्कियानसहित २६ जना नेताहरू पनि सहभागी हुनुहुने छन् । परेडमा चीनले आफ्नो नवीनतम् उपकरण र उच्च-टेक फाइटिङ गियर प्रदर्शन गर्ने छ र चिनियाँ राष्ट्रपति सी चिनफिङले बेइजिङको तियानमेन स्क्वायरमा सेनाको निरीक्षण गर्ने छन् ।

सन् १९३०-४० को दशकमा जापानको शाही सरकारसँगको लामो युद्धमा लाखौं चिनियाँ नागरिक मारिएका थिए । सन् १९४१ मा पर्ल हार्बर आक्रमणपछि यो द्वन्द्व विश्वव्यापी भएको थियो । बेइजिङको कम्युनिस्ट पार्टीले विगतका वर्षहरूमा युद्धकालीन प्रतिरोधको सम्झनामा शृंखलाबद्ध कार्यक्रमहरू आयोजना गर्दै आएको छ, जसले चीनलाई फेरि कहिल्यै घुँडा टेक्न नदिने वाचा गरेको छ ।

सेप्टेम्बर ३ मा हुने परेडमा स्थल सैनिक, बख्तरबन्द स्तम्भ, हवाई क्षेत्र र अन्य आधुनिक उपकरण प्रदर्शन गरिने छ । चीनले यस परेडलाई अन्य देशहरूसँगको एकताको प्रदर्शनका रूपमा हेरेको छ । बेइजिङका विदेश मामिला सहायकमन्त्री होङ लेइले किमको उपस्थितिको घोषणा गर्दै भने, 'चिनियाँ जनताले दोस्रो विश्वयुद्धको विजयको रक्षा गर्न सबै देशका जनतासँग हात मिलाउने छन् । वर्तमान अन्तर्राष्ट्रिय स्थिति उथलपुथलपूर्ण छ र विश्व शान्तिमा क्षति बढ्दै गएको छ ।'



प्योङयाङको कोरियन सेन्ट्रल न्युज एजेन्सीले पनि किमलाई 'कमरेड सी चिनफिङको निमन्त्रणामा' अतिथि हुने घोषणा गरेको छ ।

## धम्की दिन सकिँदैन

चीन उत्तर कोरियाको सबैभन्दा महत्त्वपूर्ण सहयोगी हो । उनीहरूको सम्बन्ध सन् १९५० को दशकको कोरियाली युद्धबाट गाँसिएको थियो । चीनले उत्तर कोरियालाई कूटनीतिक, आर्थिक र राजनीतिक समर्थन प्रदान गर्दै आएको छ ।

किमको आगामी बेइजिङ भ्रमणको उद्देश्य दुई मुलुकबीचको सम्बन्धको 'शक्ति' देखाउनु रहेको सिंगापुरको नेसनल युनिभर्सिटीका राजनीति विज्ञानका एसोसिएट प्रोफेसर चोङ जा इयानले बताए । 'यो भ्रमणले संयुक्त राज्य अमेरिकाले उनीहरूलाई अधीनमा राख्न धम्की दिन सक्दैन भन्ने संकेत दिने छ,' उनले भने ।

'बेइजिङको खर्चमा उत्तर कोरिया मस्कोको कक्षाको नजिक पुगेको कुरा पहिले नै भएको थियो । त्यो अझ खुल्न सक्छ तर मलाई के लाग्छ भने किमको भ्रमणले यो सम्बन्ध अझै बलियो हुँदै गएको छ भन्ने तथ्यलाई रेखांकित गर्दछ,' सिंगापुरको नान्याङ टक्नोलोजिकल युनिभर्सिटीका सहायक प्राध्यापक डिलन लोहले भने, 'यसले चीनको प्रभाव र तान्ने शक्तिलाई पनि प्रदर्शन गर्ने छ ।'

## परम्परागत मित्रता

सहायक विदेशमन्त्री होङका अनुसार, चीन उत्तर कोरियासँग आदानप्रदान र सहयोगलाई बलियो बनाउन इच्छुक छ । 'क्षेत्रीय शान्ति र स्थिरता प्रवर्द्धन गर्न र अन्तर्राष्ट्रिय निष्पक्षता र न्यायको रक्षा गर्न चीन नजिकबाट काम गर्न इच्छुक छ,' उनले भने ।

किमले अन्तिमपटक सन् २०१९ जनवरीमा चीनको भ्रमण गरेका थिए । बेइजिङको सन् २०१५ को परेडमा उन सहभागी भएका थिएनन् । चीनका तेस्रो उच्च पदस्थ अधिकारी झाओ लेजीले गत वर्ष अप्रिलमा उत्तर कोरियाको भ्रमण गरेका थिए । त्यसबेला दुई देशले कूटनीतिक सम्बन्धको ७५ वर्ष पूरा गरेका थिए ।

कोभिड-१९ महामारीअघि चीनको सीमा खुला हुँदा चिनियाँ नागरिकहरू उत्तर कोरियामा ठूलो संख्यामा यात्रा र व्यापारका लागि आउने गर्थे । यसैबीच, उत्तर कोरियाले चीनसँगको सीमा नजिक गोप्य सैन्य आधार निर्माण गरेको छ । त्यहाँ प्योङयाङको नयाँ लामो दूरीको ब्यालेस्टिक मिसाइलहरू राखिएको हुनसक्ने अनुसन्धानले देखाएको छ । *रासस⁄एएफपी*


## साउदीमा रोजगार

कम्पनी : MISHARI ALI Al-GHAMDI EST

पूर्व स्वीकृति मिति : २०८२/०५/११ | LT. No. 329983 | चलानी नं. ६०२४३९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1000 | ३७,४२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FARRO EST.

पूर्व स्वीकृति मिति : २०८२/०५/१२ | LT. No. 330101 | चलानी नं. ६०२४३९५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakers | 1 | 0 | 1400 | ५२,३९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Coffee Maker | 1 | 0 | 1200 | ४४,९११ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

## युएईमा रोजगार

कम्पनी : ALTAFADOL BUILDINGS MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/१२ | LT. No. 330085 | चलानी नं. ६०२४३९३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 200 | 0 | 1000 | ३८,२४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Kathmandu AKH Traning Center मा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ASIA LINK SERVICES PVT. LTD.
श्रम इजाजत नं ११९/०५५/०५६
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

## जापानमा रोजगार

कम्पनी : Kuroshio Business Cooperative Asociation

पूर्व स्वीकृति मिति : २०८१/११/१९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०५/१२ | LT. No. 319750 | चलानी नं. ६०२३३९०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 4 | 0 | 170000 | १६२,०७१ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | नि:शुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

- **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।
- **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्र । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्किआएपछि पुन: काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।
नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।
- **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४

## युएइमा रोजगार

कम्पनी : ALTAFADOL BUILDINGS MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/१२ | LT. No. 330062 | चलानी नं. ६०२४३९५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 50 | 0 | 1000 | ३८,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Kist Human Resource Pvt.Ltd.
Govt.Lic. No. 1157/073/074
Sinamangal-9, Airport, Kathmandu, Nepal, Tel : +977-01-4581856, Fax +977-1-4599252
E-mail : kisthumanresources1157@gmail.com, Web.www.kisthumanresource.com

## युएइमा रोजगार

कम्पनी : EMARAT ALOULA CONTRACTING ONE PERSON COMPANY LLC

पूर्व स्वीकृति मिति : २०८१/०८/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१२ | LT. No. 313842 | चलानी नं. ६०२२८२६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | tea boy | 1 | 0 | 850 | ३२,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | pest control technicians | 2 | 0 | 1200 | ४५,८९० | | | | | | | |
| 3 | team leaders | 5 | 0 | 1400 | ५३,५४० | | | | | | | |
| 4 | female cleaners | 0 | 4 | 850 | ३२,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SECURE NEPAL JOB PLACEMENT PVT . LTD
श्रम ईजाजत नं. १६४८/०५०/०५१
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com

## युएइमा रोजगार

कम्पनी : MUHAMMAD RAFIQUE MUHAMMAD Technical Services CO. L.L.C S.O.C..

पूर्व स्वीकृति मिति : २०८२/०५/१२ | LT. No. 330084 | चलानी नं. ६०२४३९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 13 | 0 | 1000 | ३८,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २० गते (5th Sep. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Seagull International Global H.R. Consultants Pvt. Ltd.
LIC No. 407/060/61
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np



## Narpa Bhumi Rural Municipality
### Office of the Rural Municipal Executive
Chyankhu, Manang
Gandaki Province, Nepal

### Invitation for Electronic Bids

**(First date of Publication: 2082/05/13 (29 August 2025)**

Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang Invites the electronic bids only under e- procurement system from eligible bidders for the construction of projects mentioned below under National Competitive bidding. All other information and Bid Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp or may obtain at office. Interested eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

| S.N. | Name of Project | Contract ID | Cost of Bid Document (NRS) | Estimated cost (NRs) (Including VAT & PS) | Bid Security Amount (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Palika ma Kotha Nirman | NBRM-Works/ 01/082-083 | 3,000.00 | 4219420.68 | 95,000.00 | |
| Last date of bid submission: 28 September, 2025 (2082/06/12) | | | | | | |

2. Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| Name of the Bank: Nepal Bank Ltd., Narphu Branch, Manang,<br>Name of Office: Narpa Bhumi Rural Municipality, Chyankhu, Manang, Nepal<br>Office Code no.:80440502300<br>Office Account no.: 26503000001001000001<br>Rajaswa (Revenue) Shrishak No.:-14229 | Name of the Bank: Nepal Bank Ltd., Narphu Branch, Manang, Nepal<br>Name of Office: Narpa Bhumi Rural Municipality, Chyankhu, Manang, Nepal<br>Office Code no. 80440502300<br>Office's Account No.:-26503000003000000001 |

**Chief Administrative Officer**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९९४०० | प्रति तोला – ० | प्रति तोला – २३५५ |

## शून्य भन्सार सुविधामा स्वदेशी उत्पादन अमेरिका निर्यात गर्ने तयारी




■ प्रभाव संवाददाता

**काठमाडौं** – उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले बाहिरबाट आयात हुने उपभोग्य वस्तु मुलुकभित्रका प्रयोगशालाबाट परीक्षण गरेर मात्रै उपभोक्तालाई दिइने बताएका छन् । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सुदूरपश्चिम प्रदेश सरकारद्वारा आयोजना हुने 'लगानी तथा विकास सम्मेलन'सम्बन्धी बिहीबार यहाँ अन्तरक्रिया कार्यक्रममा उनले जनस्वास्थ्यलाई प्रतकिूल असर नपरोस् भन्ने उद्देश्यले आयातित उपभोग्य वस्तु परीक्षण गरेर उपभोग गर्न दिइने बताए ।

मन्त्री भण्डारीले भने, 'मुलुकभित्र अन्तरराष्ट्रियस्तरको मापदण्डसहितका उद्योग, कलकारखाना स्थापना गर्नेछौँ । यसले नेपालको उद्योगको विकास, नागरिकको जीवनस्तरमा सुधारमा दीर्घकालीन महत्त्व राख्ने छ ।' उनले नेपाली वस्तुको दोस्रो ठूलो निर्यात गन्तव्य संयुक्त राज्य अमेरिका रहेकाले नेपाल व्यापार प्राथमिकता कार्यक्रम (एनटिपिपी) मार्फत ७७ वस्तुका लागि शून्य भन्सार सुविधामा निर्यात गर्ने तयारी भइरहेको जानकारी दिए ।

नेपाली वस्तुको व्यापारले पछिल्लो समय विश्वबजारमा प्राथमिकता पाइरहेको बताउँदै उनले सङ्घीय सरकारले आमउपभोक्ताको स्वास्थ्य र सुरक्षामा कुनै सम्झौता नगर्ने नीतिमा अघि बढिरहेको बताए । उनले गलैँचा, पश्मिनाजस्ता वस्तु नेपालीका पहिचान भएकाले यस्ता उद्योगको संरक्षण गरी उत्पदान बढाउनेतर्फ सबैले सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिए ।


सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिममा औद्योगिक विकासका लागि पर्याप्त पूर्वाधार रहेको उल्लेख गर्दै निजी क्षेत्रलाई संकोचबिना लगानी गर्न आग्रह गरे । उनले भने, 'सुदूरपश्चिममा उद्योग स्थापनाका लागि आवश्यक जमिन प्रदेश सरकारले उपलब्ध गराउनेछ । हामी निजी क्षेत्रसँग सहकार्य गरेर प्रदेशको सम्भावनालाई यथार्थमा बदल्न चाहन्छौँ, सबमा सबैको सहयोग जरुरी छ ।'

मुख्यमन्त्री शाहले सुदूरपश्चिममा जलस्रोत, पर्यटन, कृषि, जडीबुटी, खनिजलगायत क्षेत्रमा प्रशस्त सम्भावना रहेको उल्लेख गर्दै त्यहाँको आर्थिक रूपान्तरणका लागि यी क्षेत्रमा तत्काल लगानी आवश्यक रहेको धारणा राखे ।

कार्यक्रमका अधिकांश सहभागीले सुदूरपश्चिम प्रदेशमा औद्योगिक विकासका लागि प्रशस्त सम्भावनासहित आवश्यक पूर्वाधार रहेकाले त्यहाँ लगानीका लागि ढिलाइ गर्न नहुने धारणा राखे ।

## हाइड्रोजन प्लान्ट र इन्धन सेल प्लान्ट स्थापना गर्ने सम्झौता

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालमा ग्रीन हाइड्रोजन प्लान्ट र इन्धन सेल प्लान्ट स्थापना गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ । लगानी बोर्ड नेपाल र दक्षिण कोरियाली कम्पनी जि-फिलोस कम्पनी लिमिटेडबीच हरित हाइड्रोजन प्लान्ट र इन्धन सेल प्लान्ट स्थापना गर्ने सम्बन्धमा विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्न आधिकारिक रूपमा समझदारीपत्र (एमओयु) मा हस्ताक्षर भएको हो ।

समझदारीपत्रमा लगानी बोर्डकोतर्फबाट प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुशील ज्ञवाली तथा प्रस्तावक कम्पनी जि-फिलोस कम्पनी लिमिटेडकातर्फबाट प्रमुख कार्यकारी अधिकृत गा वू पार्कले बिहीबार हस्ताक्षर गरेका हुन् । उक्त समझदारीअनुसार प्रस्तावक कम्पनी जि-फिलोस कम्पनी लिमिटेडले लगानी बोर्डबाट सर्वेक्षण अनुमतिपत्र प्राप्त गरेपश्चात् विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी करिब १० महिनाभित्रमा लगानी बोर्डको कार्यालयमा पेस गर्नेछ । लगानी बोर्डकाअनुसार अध्ययन प्लान्ट स्थापनाका लागि रु सात अर्ब लगानी हुनेछ । कम्पनीले प्रारम्भिक चरणमा २० मेगावाट क्षमताको ग्रीन हाइड्रोजन उत्पादन गर्ने प्रस्ताव गरिएको छ ।

उक्त हस्ताक्षर कार्यक्रममा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले यसप्रकारको परियोजनामा प्राज्ञिक क्षेत्रकोसमेत महत्वपूर्ण भूमिका रहने तथा यस्ता परियोजनाले नेपालजस्तो राष्ट्रमा पुँजी तथा प्रविधिको विनिमयमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । प्रस्तावक कम्पनीले निर्दिष्ट समयमै गुणस्तरीय प्रतिवेदन पेस गर्ने विश्वास व्यक्त गर्दै उनले अध्ययनपश्चात् यथाशक्य छिटो नेपालमा ग्रीन हाइड्रोजन प्लान्ट स्थापना हुने प्रतिबद्धता व्यक्त गरे ।

नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क ताए योङले नेपालमा यसप्रकारका नवीकरणीय स्वच्छ ऊर्जाको प्रचुर सम्भावना रहेको औंल्याउँदै यस्ता परियोजनाले नेपालले परिलक्षित गरेका दिगो विकास लक्ष्यको प्राप्तिमा कोशेढुङ्गा सावित हुने बताए । उनले नेपाल र दक्षिण कोरियाबीचको द्विपक्षीय सम्बन्धमा नयाँ आयाम थप्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा विद्युत् नियमन आयोगका अध्यक्ष डा रामप्रसाद धितालले ग्रीन हाइड्रोजन लगानीयोग्य परियोजना भएकाले नेपालका लागि उपयोगी हुने उल्लेख गरे । विद्युत् विकास विभागका महानिर्देशक जिवछ मण्डलले नेपालले यस किसिमका परियोजनालाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौतले नेपालका लागि उपयोगी परियोजना भएको भन्दै यसको कार्यान्वयन गरिनुपर्ने धारणा राखे ।

नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक हितेन्द्रदेव शाक्यले नयाँ प्रविधिमा हस्ताक्षर भएकामा खुसी व्यक्त गर्दै विस्तृत अध्ययन सकेर ग्रीन हाइड्रोजन प्लान्ट स्थापनामा अगाडि बढ्नुपर्नेमा जोड दिए । उनले नेपालका लागि नौलो प्रविधि भएकाले यसको लागत र उपयोगिताका आधारमा यसको विकास गरिने उल्लेख गरे ।

ग्रीन हाइड्रोजनको अध्ययन तथा अनुसन्धानमा क्रियाशील काठमाडौं विश्वविद्यालयका अनुसन्धानकर्ता डा विराजसिंह थापाले नेपालमा ग्रीन हाइड्रोजनका सम्बन्धमा मौजुदा नीतिगत तथा कानुनी व्यवस्था, यसका बहुआयामिक लाभका विषय तथा आगामी दिनमा यसप्रकारका ऊर्जाको उपयोगका सम्बन्धमा आफ्नो प्रस्तुति दिए ।

लगानी बोर्डको कार्यालयका सहसचिव बाबुराज अधिकारीका अनुसार प्रस्तावक कम्पनी जि-फिलोस कम्पनी लिमिटेडले नेपालमा सार्वजनिक-निजी साझेदारी ढाँचामा ग्रीन हाइड्रोजन तथा फ्युल सेल प्लान्ट स्थापना, विकास तथा सञ्चालनका लागि गत वैशाख १५ गते लगानी बोर्डको कार्यालयमा प्रस्ताव पेस गरेकामा लगानी बोर्डको ६३औँ बोर्ड बैठकले उल्लेखित प्रस्तावक कम्पनीसँग समझदारी गरी सर्वेक्षण अनुमति प्रदान गर्ने निर्णय गरेको थियो ।

## नेप्से परिसूचक ३८ अंकले घट्यो

**काठमाडौं** – धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकमा बिहीबार उच्च अंकले गिरावट भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक ३८ दशमलव १० अंकले ओरालो लागेर दुई हजार ७८१ मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ७४ अंकले ओरालो लागेर ४७७ दशमलव ६८ मा सीमित भएको छ । कूल एक करोड ७८ लाख ९१ हजार ९१७ कित्ता शेयर रु आठ अर्ब नौ करोड ५६ लाख १० हजार ४४५ मूल्यमा खरिदबिक्री भएको छ । कारोबारपछि शेयर बजारको कूल पुँजीकरण रु ४६ खर्ब ४७ अर्ब १८ करोड ५१ लाख ९९ हजार ५०८ बराबर पुगेको छ । कारोबारका आधारमा विकास हाइड्रोपावर, मैलुङ खोला जलविद्युत् कम्पनी, थ्रिस्टार हाइड्रोपावर, एनएजी इन्स्योरेन्स कम्पनी र पिपल्स पावर कम्पनीका शेयरधनीले कमाएका छन् । यस्तै, ओरियण्टल होटल, लुम्बिनी विकास बैंक, साग्रिला डेभलपमेन्ट बैंक, सिकलेस हाइड्रोपावर र जनउत्थान सामुदायिक लघुवित्तका शेयरधनीले गुमाएका छन् ।

## बीवाईडी याङवाङ यु ९ को ईभी टप-स्पिड रेकर्ड




■ प्रभाव संवाददाता

**काठमाडौं–** बीवाईडीको प्रिमियम सब-ब्रान्ड याङवाङले ग्लोबल इलेक्ट्रिक भेइकल (ईभी) मा सबैभन्दा तीव्र गतिको ईभी रेकर्ड कायम गरेको छ । जर्मनीको एटीपी अटोमोटिभ टेस्टिङ पापेनबर्ग टेस्ट ट्रयाकमा ४७२.४१ किलोमिटर प्रतिघण्टाको गतिका साथ सो रेकर्ड कायम भएको हो । याङवाङको सबैभन्दा नयाँ मोडल यु९ ट्र्याक एडिसन सुपर कारले गत अगस्ट ८ मा विश्वकै सबैभन्दा तीव्र गतिको ईभीको रूपमा सो रेकर्ड कायम गरेको हो ।

जर्मनीका व्यावसायिक ड्राइभर मार्क बासेङले गाडी चलाएर सो रेकर्ड कायम गरेका हुन् । यो भन्दा पहिले गत वर्ष पनि उनले यस्तै ग्लोबल ईभी स्पिड रेकर्ड कायम गरेका थिए । उनले गत वर्ष नै जितेको सोचे पनि नयाँ प्रविधिका कारण उही ट्र्याकमा नयाँ रेकर्ड कायम गर्न सफल भएको र आफ्नै रेकर्ड तोडेकोमा खुसी व्यक्त गरे । याङवाङ यु९ हाल चीनमा बिक्री भइरहेको छ । अहिले रेकर्ड ब्रेक गरेको याङवाङ यु९ ट्र्याक एडिसन त्यसैको सुधारिएको भर्सन हो ।

यसमा पनि यु९ मा प्रयोग गरिएको ई४ प्लेटफर्म र डिसस-एक्स कोर टेक्निकल आर्किटेक्चर प्रयोग गरिएको छ । यसमा विश्वकै पहिलो १२०० भोल्टको अल्ट्रा-हाई-भोल्टेज भेइकल प्लेटफर्म फिचर उपलब्ध छ र एक्स्ट्रिम कन्डिसनमा पनि सहजताका लागि थर्मल म्यानेजमेन्ट सिस्टमसँग पेयर गरिएको छ ।

याङवाङ यु९ ट्र्याक एडिसनमा भएको ई४ प्लेटफर्ममा विश्वकै पहिलो विशेष प्रकारको मोटर सिस्टम प्रयोग गरिएको छ, जसमा ३०,००० आरपीएमको हाई-पर्फमेन्स मोटर रहेको छ, जसले प्रतिमोटर ५५५ किलोवाटको पिक पावर डेलिभर गर्छ ।

यी सबैबाट ३,००० पीएसको कम्बाइन्ड सिस्टम आउटपुट हुन्छ । यसका कारण गाडीको पावर टु वेट रेसियो पनि प्रतिटन १,२१७ पीएस हुन जान्छ ।

यी वाहेक ई४ प्लेटफर्मको क्वाड-मोटर इन्डेपेन्डेन्ट टर्क-भेक्टरिङ सिस्टमले लगातार रूपमा सडकको मोनिटर गरिरहेको हुन्छ, जसले गर्दा स्पिड, पोस्चर आदिको निगरानी गरी ह्विल स्लिप हुन वा ट्र्याक्सन लस हुनबाट बचाउँछ ।

डिसस-एक्स इन्टेलिजेन्ट बडी कन्ट्रोल सिस्टमले सस्पेन्सनलाई जस्तोसुकै कर्नरिङ र एक्सिलरेसनको समयमा पनि सहजता ल्याउन सघाउँछ । यसले टायर र रोडको समन्वय मिलाएर ड्राइभरलाई समेत कम्फर्ट र कन्फिडेन्स ल्याउन सघाउँछ ।

याङवाङ यु९ मै प्रयोग भएको एरोडाइनामिक डिजाइन यु९ ट्र्याक एडिसनमा पनि प्रयोग गरिएको छ । त्यसैगरी यसमा अझै सुधारिएको अप्सनल कार्बन-फाइबर फ्रन्ट स्प्लिटर प्रयोग गरिएको जनाइएको छ । अल्ट्रा-हाई स्पिडमा समेत चलाउन सहज हुने गरी यसमा पुरै साइन्टिफिक डिजाइन र टेक्नोलोजी प्रयोग गरिएको छ । यसमा प्रयोग भएको टायर पनि विशेष किसिमको छ । यसका लागि ट्र्याकमा केन्द्रित सेमी-स्लिक टायर प्रयोग गरिएको छ ।

बजारबाट सामाग्री खरिद गर्दा ध्यान दिनुपर्ने कुरा

क्रेता वा सामाग्री खरिदकर्ताले:
- बिल वा रसिदको विवरण ठीक छ कि छैन जाँच गरौं,
- सामानको नाम, मात्रा, मूल्य, मूल्य अभिवृद्धि कर (VAT) लगायत विवरण हेर्ने गरौं,
- बिलमा मिति, बिजक नम्बर र किनमेल गरिएको स्थान सही छ वा छैन जाँच गरौं,
- प्राप्त बिल वा रसिदलाई सुरक्षित राखौं,
- बिलमा व्यवसायको नाम, ठेगाना, फोन नम्बर र PAN नम्बर उल्लेखित भए/नभएको हेरौं,
- कुनैपनि वस्तु तथा सेवा खरिद गरेपछि बिल/बिजक माग्ने गरौं,

बिक्रेताले:
- ग्राहकलाई सामाग्री खरिद गरेको बिल अनिवार्य रुपमा दिऔं,
- बिल बमोजिमको सामान उपलब्ध गराऔं,

सामान खरिद बिक्री गर्दा बिल अनिवार्य लिने/दिने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ